जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न :

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔँ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौँ।
- माटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तीले नियमित स्वास्थ्य परीक्षण गरौँ।
- धुम्रपान र मद्यपान नगरौँ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २७ •अंक ६७ • २०८२ साल साउन १० गते शनिबार (26 July, Saturday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## संशोधन प्रस्ताव दर्ता

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी नेपालले भूमि सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकप्रति गम्भीर असहमति जनाउँदै प्रतिनिधिसभा र राष्ट्रियसभामा संयुक्तरूपमा १० बुँदे संशोधन प्रस्ताव दर्ता गराएको छ।

उक्त विधेयक जस्ताको त्यस्तै पारित भएमा पर्यावरणीय सन्तुलनमा गम्भीर क्षति पुग्ने र तराई-मधेशमा सामाजिक र जातीय असन्तुलन बढ्ने खतरा रहेको जनाएको छ।

सो विधेयक पारित भए सार्वजनिक सम्पत्तिको दुरुपयोग भइ खोला-नदी किनार, राष्ट्रिय निकुञ्ज, गौचरजस्ता सार्वजनिक जग्गा अतिक्रमण गर्नेहरूलाई कानूनी संरक्षण मिल्ने, फौजदारी अपराध मानिने वन अतिक्रमणलाई कानुनी जामा ओढाइ अवैध कार्यलाई वैध बनाउने प्रयास गलत नजीर स्थापित गराउने, अवैध कार्यलाई नै वैधता दिने, वन कार्यालय र सम्बन्धित संरचनाको औचित्यमाथि प्रश्न उठ्ने, कानुन मानेर बस्ने भूमिहीनले बसोबासका लागि जग्गा पाउन नसक्ने स्थिति सिर्जना हुने र विधेयकबाट जग्गा दलाल, रियल स्टेट व्यवसायीहरू लाभान्वित हुने दाबी गरिएको छ।

### सुख्खाग्रस्त क्षेत्रको हवाई अनुगमन

# डिप बोरिङ जडान गरिने प्रधानमन्त्रीको घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार मधेश प्रदेशको सुख्खाग्रस्त क्षेत्रको हवाइ अनुगमन गरेका छन्।

सुख्खाग्रस्त मधेश प्रदेशको अनुगमनपश्चात आयोजित एक कार्यक्रममा प्रधानमन्त्री ओलीले संकटकालको स्थितिलाई मध्यनजर गर्दै तत्काल ५ सय डिप बोरिङ जडान गरिने घोषणा गरे।



एउटा डिप बोरिङबाट ६० बिघा क्षेत्रफल सिचाइँ गर्न सकिने उनले बताए।

प्रधानमन्त्री ओलीले भने, 'हामी अहिले तत्काल केही डिप बोरिङहरू जडान हुन्छ। तत्कालका लागि ५ सय जति डिप बोरिङ गर्नेछौं। एउटाले लगभग ६० बिघा जमिन सिंचाइ गर्न सकिन्छ।'

पानीको अभावका कारण मधेश सुख्खाग्रस्त भएको प्रस्ट गर्दै सरकारले सोही अवस्थालाई ध्यानमा राख्दै संकटग्रस्त क्षेत्र घोषणासमेत गरिसकेको उनले बताए।

सरकार संकटग्रस्त क्षेत्र घोषणा मात्रै गरेर नबस्ने भन्दै दीर्घकालीन र तत्कालीन उपायहरू शुरु गरिसकेको जिकिर गरे।

उनले भने, 'मधेश सुख्खाग्रस्त छ। पानीको अभावको कारणले सुख्खाग्रस्त भएकाले संकटग्रस्त क्षेत्र घोषणा गरेका छौं। संकटग्रस्त क्षेत्र घोषणा गर्ने मात्रै होइन यस क्षेत्रमा दीर्घकालीन र तत्कालीन दुई उपायहरूबाट काम गर्नेछौं।'

चुरेमा पानीका तालतलैया बनाउने, पानी जम्मा गर्ने कार्यमा सरकार लागेको पनि प्रधानमन्त्री ओलीले बताए।

प्रधानमन्त्री ओलीले भने, 'चुरेमा पानीका तालतलैया बनाउने, पानी जम्मा गर्ने, जसबाट जमिनको सतहको पानी तल जान नदिने गरी अनुकूल वातावरणतर्फ फर्काउने काम गर्दछौं। तत्कालका लागि अरु विभिन्न काम अघि बढाउनेछौं,' उनले अघि थप्दैं भने, 'अहिलेको सरकारको तर्फबाट यस काममा मद्दत गर्न सरकारका सबै निकायहरूलाई आग्रह गर्दछु। गैरसरकारी संघसंस्था सबैलाई साथ सहयोग गर्न आग्रह गर्दछु।'

उनले ८ वटै जिल्लालाई ध्यानमा राखेर काम गर्ने प्रतिबद्धता पनि सो क्रममा बताए।

यसअघि २६ असारमै मधेश प्रदेश सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो।

यता छिटपुट हुने वर्षा र विद्युतीय मोटरको प्रयोग गरी केही मधेशका केही क्षेत्रमा जेनतेन धान रोपाइँ गरिएको छ। तर पर्याप्त वर्षा नहुँदा रोपिसकेको धानसमेत सुक्न थालेको छ।

रोप्न उमारेको बीउ ब्याडमै सुक्न थालेको छ। त्यही सुकिरहेको धान र ब्याड जोगाउन विद्युतीय मोटरबाट सिँचाइ लगाउन किसानहरू लागि परेका छन्। रोपेको रोपा र ब्याडमा सुक्न थालेको धानको बीउ जोगाउन किसानहरूले सिचाइँको वैकल्पिक व्यवस्थाको रूपमा विद्युतीय मोटरहरूको प्रयोग बढाउँदै लगेका छन्।

उनले हवाई अनुगमन तथा निरीक्षण गरेपछि 'मधेशलाई संकटग्रस्त क्षेत्र घोषणा गरेर मात्रै केही हुँदैन,' प्रधानमन्त्री ओलीले भने, 'मधेशमा पानी र सिँचाइको समस्या समाधान गर्न दीर्घकालीन योजना चुरेमा तालतलैया तथा पोखरी बनाएर पानी रिचार्ज गरी जमिन सुक्न नदिन अनुकूल वातावरण बनाउने र तत्कालका लागि ५ सय वटा डिप बोरिङ जडान गरिन्छ।'

सरकारका सबै निकाय तथा गैरसरकारी संघसंस्थालाई पनि सरकारको काममा साथ सहयोगका लागि प्रधानमन्त्री ओलीले आग्रह गरेका छन्।

उनले भने, 'सर्लाही र महोत्तरीमा रोपाइँ नभएका खाली जग्गाका फाँट नजिकैबाट देखेको छु, मधेशमा रोपाइँ नै भएको छैन। खेत सुख्खा छन्। पोखरीहरूमा पानी सुकिसकेको छ।'

कोशीसँग नजिकै रहेको सप्तरीमा सुख्खाको कम प्रभाव भएको र मधेश प्रदेशका ७ जिल्ला समस्याग्रस्त बनेको ओलीले बताए।

त्यस्तै अन्नको भण्डार मधेश प्रदेशमा धान रोपाइँ ३५ प्रतिशतमा सीमित भएपछि देशभर खाद्य संकट उत्पन्न विज्ञहरुले दाबी गरेका छन्।

कृषि विकास निर्देशनालयले गरेको प्रदेशका आठै जिल्लामा गरेको अध्ययनले प्रदेशका सप्तरी, सिरहा, महोत्तरी, धनुषा र सर्लाहीलाई 'रेडजोन'मा राख्दै तत्काल सिँचाइको व्यवस्था नगरे अवस्था भयावह हुने चेतावनी दिएको छ।

निर्देशनालयका अनुसार बढी धान उत्पादन हुने जिल्लाहरूमा नै खेती कम भएको र भएको बेर्ना पनि सुक्न थालेको मधेशमा भयावह अवस्थामा रहेको छ।

अबको २० दिनभित्र रेडजोनमा रहेका जिल्लाहरूमा सतह सिँचाइको व्यवस्था गरिएन भने मुलुकमा खाद्य संकट हुने निश्चित जस्तै रहेको निर्देशनालयको दाबी छ।

कृषि विकास निर्देशनालयले यही २६ गतेदेखि दुईवटा टोलीमार्फत एक साता लगाएर प्रदेशका ८ वटै जिल्लामा गरेको अध्ययनले यस्तो देखाएको छ।

प्रदेशमा देखिएको जलसंकटले कृषि र मानिसको दैनिकीमा प्रत्यक्ष असर पारेको छ। चापाकल सुकेर खानेपानीको हाहाकार भएको छ भने आकाशे पानी नपर्दा कृषि क्षेत्र पूरै प्रभावित बनेको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ छ।

प्रदेश र स्थानीय सरकारले डीप बोरिङ तथा ट्र्यांकरबाट पानी वितरण गरेर पर्सा र सप्तरीमा खानेपानीको समस्या केही हदसम्म समाधान गरेका छन्। यद्यपि, यो दीर्घकालीन समाधान होइन, तर कृषि क्षेत्र भने पूरै ध्वस्त बनेको प्रतिवेदनले औंल्याएको छ।

अध्ययन टोलीले अबको २० दिनभित्र रेडजोनका पाँच जिल्लामा स्यालो ट्युबवेल र डीप बोरिङको व्यवस्था गर्न सुझाव दिएको छ। '

दीर्घकालीन रूपमा भने नहर र खोलाबाट सतह सिँचाइको व्यवस्था गर्न र 'वाटर रिचार्ज' मा ध्यान दिन प्रतिवेदनमार्फत सुझाइएको छ।









## एक वर्षमा करेन्ट लागेर २७ जनाको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । करिब एक वर्षको अवधिमा रौतहटका करेन्ट लागेर २७ जनाको मृत्यु भएको छ । आर्थिक वर्ष २०८१/०८२ र चालु आर्थिक वर्षको हालसम्मको अवधिमा सो संख्यामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

जसअनुसार गत आर्थिक वर्षमा २३ जनाको मृत्यु भएको थियो भने चालु आर्थिक वर्षको सुरूवातसँगै हालसम्म करेन्ट लागेर ४ जनाले मृत्यु भएको छ ।

घटनाको गम्भीरतालाई मध्यनजर गर्दै प्रहरी कार्यालयले विभिन्न सावधानी अपनाउन सर्वसाधारणमा अनुरोध गरेको छ । जिल्ला कार्यालयद्वारा जारी विज्ञप्तिमा खाली खुट्टा वा पानी जमेको स्थानमा बिजुलीका काम नगर्न, मर्मत कार्यको लागि प्रमाणित प्राविधिकको मात्र सहारा लिन र झुल्ने तार वा असुरक्षित तारको प्रयोग नगर्न आग्रह गरिएको छ ।

बालबालिकालाई विशेष ध्यान दिनु पर्ने उल्लेख गर्दै प्रहरीले साना बालबालिकाले सजिलै छुन सक्ने स्थानमा विद्युतीय सामग्री नराख्न सुझाव दिएको छ ।

त्यस्तै खेतमा सिँचाई गर्न सिँचाई मिटर प्रयोग गर्न, रातको समयमा बिजुलीको काम नगर्न र पोलबाट हुकिङ प्रणालीमार्फत विद्युत चोरी नगर्न पनि चेतावनी दिएको छ ।

रौतहट प्रहरीले सामान्य काम गर्दा समेत हल्का हुन सक्ने वा खुला लाग्ने स्थानमा तार वा स्वीच नराख्न अनुरोध गर्दै नागरिकको सुरक्षाका लागि जनचेतना आवश्यक भएको जनाएको छ ।

# वायु प्रदूषण र जलवायु परिवर्तनविरुद्ध क्षेत्रीय साझेदारी तथा वैज्ञानिक अनुसन्धानमा जोड

ललितपुर । दक्षिण एसियामा छोटो अवधिका जलवायु प्रदूषक (एसएलसिपी) सम्बन्धी अन्तरराष्ट्रिय लघु सम्मेलन वायु प्रदूषण र जलवायु परिवर्तनविरुद्ध क्षेत्रीय साझेदारी र वैज्ञानिक अनुसन्धानलाई थप बलियो बनाउनुपर्ने निष्कर्षसहित सम्पन्न भएको छ ।



गोटेनवर्ग विश्वविद्यालय, स्वीडेनको आयोजनामा बिहीबारदेखि यहाँ सुरु भएको सम्मेलनले जलवायु परिवर्तनको मुख्य कारक मानिएको कार्बनडाइअक्साइडपछि दोस्रो मुख्य स्रोत मानिएका मानवद्वारा सिर्जित प्रदूषक नियन्त्रणमा क्षेत्रीय सहयोगलाई संस्थागत रूप दिनुपर्नेमा जोड दिएको छ ।

आयोजक गुटेनवर्ग विश्वविद्यालयका प्राध्यापक एवं परियोजना प्रमुख डा पाठकले दक्षिण एसिया बढ्दो जनघनत्व र भौगोलिक अवस्थालगायत कारणले जलवायु परिवर्तन तथा छोटो अवधिका प्रदूषक मानिएका मिथेन, ब्ल्याक कार्बन, हाइड्रोफ्लोरो कार्बनहरूका कारण जोखिममा रहेकाले यसलाई विज्ञान, सहकार्य र चेतनाको संयोजनमार्फत नियन्त्रण गर्नुपर्नेमा जोड दिनुभयो ।

"यो लघु सम्मेलन दक्षिण एसियाको सुरक्षित भविष्य, यहाँ विविध कारणले प्रकृति, मानवस्वाथ्य, खाद्य प्रणाली र समग्र जैविविक विधितामा परिरहेको असरबारे बृहत् छलफल गर्न सफल भएको छ । नेपाल भारतलगायत दक्षिण एसियाली अन्य देशका वैज्ञानिक, अनुसन्धानकर्ता, प्राध्यापक, अध्येता, नीति निर्मातालगायतको सहभागितामा भएको काठमाडौं सम्मेलनबाट प्रेरित भएर फर्किरहेका छौं । यसले स्वच्छ हावा र जलवायु सुरक्षित भविष्यका लागि प्रतिबद्ध हुन सघाउ पुगेको छ", उहाँले भन्नुभयो ।

सम्मेलनमा स्थानीयस्तरमा भोगिरहेका वातावरणीय चुनौती, वायु प्रदूषण र त्यसले जनस्वाथ्यमा पारेका प्रभाव, नेपाल र इण्डो-गङ्गेटिक मैदानमा एसएलसिपी न्यूनीकरणका चुनौती र अवसरहरू, यसको न्यूनीकरणका लागि सीमापार सहकार्य, औद्योगिक, नीतिगत तथा नवप्रवर्तनसम्बन्धी पहललगायत छवटा प्राविधिसत्र तथा अन्य मुख्य वक्ताहरूले विविध विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

त्यसअवसरमा त्रिभुवन विश्वविद्यालय रसायनशास्त्रका प्रमुख विनयकुमार झा, त्रिविकै डा भानु न्यौपाने र काठमाडौं इन्स्टिच्युट अफ एप्लाइड साइन्सका वसन्त गिरी, यस मामिलाका भारतीय विज्ञ डा ज्ञान पाण्डे, नेपालका वरिष्ठ वातावरण वैज्ञानिक भुषण तुलाधर, जनकधामका संस्थापक एवं गौआधारित प्राकृतिक जीवनबारे अभियान चलाइरहनुभएका विज्ञ कौशलेन्द्र झाले छोटो अवधिका प्रदूषक नियन्त्रणका लागि अपनाउनुपर्ने वैज्ञानिक तथा वैद्धिक उपायबारे चर्चा गर्नुभएको थियो ।

यसैगरी नेपाल खुला विश्वविद्यालयका डा यादव जोशी, त्रिभुवन विश्वविद्यालयका डा विनोद पोखरेल र साजेश कुइँकेल, आइआइटी बम्बैका प्राध्यापक हरिशचन्द्र फुलरिया, इसिमोडका पार्थ सारथी महापत्र, काठमाडौं इन्स्टिच्युट अफ एप्लाइड साइन्सका सपना भुजेललगायतले एसएलसिपीका विविध पक्षका साथै यसका कारक, समस्या र समाधानबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

यस्तै, वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वातावरण विभागका दीपक ज्ञवाली, उद्योग र नवप्रवर्तन क्षेत्रका भारतीय विज्ञ अनिल पाण्डे, विमल कुमार, पङ्कज त्रिवेदी, योगेश सोनाभानीलगायतले सरकारी पहल, उद्योग क्षेत्रले अपनाउनुपर्ने सावधानी, वन डढेलोको असर, स्वच्छ ऊर्जाको भूमिका र जनस्वास्थ्यलगायत विषयबारे सम्बोधन गर्नुभएको थियो ।

सम्मेलनका सहभागीहरूले छोटो अवधिका प्रदूषक उत्सर्जनमा हरेक नागरिकको भूमिका रहेकाले बृहत् रूपमा सचेतना अभिवृद्धि, ऊर्जाका वैकल्पिक उपाय प्रयोगमा प्रोत्साहन, बहुराष्ट्रिय सहकार्यमार्फत असर न्यूनीकरणका लागि सशक्त पैरवी गर्नुपर्नेमा जोड दिएका थिए ।

सम्मेलनमा नेपाल, भारतलगायत दक्षिण एसियाली अन्य देशका अध्ययता, अनुसन्धानकर्ता, सरकारी निकायका प्रतिनिधि, उद्योगी, नागरिक समाज र अध्यात्मिक क्षेत्रका प्रतिनिधि गरी एक सय २० जनाभन्दा बढीको सहभागिता रहेको थियो ।रासस

# तिलगंगा नेत्र विश्वविद्यालय विधेयक’ स्वीकृत

काठमाण्डु । 'राष्ट्रियसभामा उत्पत्ति भएको तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रतिनिधिसभाबाट स्वीकृत भएको छ । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सभामुख देवराज घिमिरेले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तद्वारा प्रस्तुत गरिएको उक्त विधेयकलाई सर्वसम्मतिले स्वीकृत गरिएको घोषणा गर्नुभएको हो ।



विधेयकको छलफलमा भाग लिँदै सांसद योगेशकुमार भट्टराईले पछिल्लो समय नेपालमा आँखा उपचार क्षेत्रमा क्रान्ति भएको बताउनुभयो । "आँखा उपचारलाई अझै प्रभावकारी रूपमा अगाडि बढाउनका लागि तिलगङ्गा नेत्र विश्वविद्यालय आवश्यक छ", उहाँले भन्नुभयो, "तर यसको स्थायित्व हुनुपर्छ । विधेयक राम्रो छ, म स्वागत गर्न चाहन्छु ।" सांसद भट्टराईले नेत्र विशेषज्ञ डा सन्दुक रूइतले नेत्र उपचारको क्षेत्रमा पुऱ्याउनुभएको योगदानको प्रशंसा गर्नुभयो ।

सांसद ज्ञानेन्द्रबहादुर कार्कीले पनि डा सन्दुक रूइतले एक लाखभन्दा बढी आँखाको निःशुल्क शल्यक्रिया गरेर योगदान पुऱ्याउनुभएको भन्दै उहाँको नेतृत्वमा तिलगङ्गा नेत्र विश्वविद्यालय खोल्नु प्रशंसनीय कार्य रहेको बताउनुभयो ।

सांसद विमला सुवेदीले तिलगङ्गा नेत्र विश्वविद्यालय खोलेर दक्ष जनशक्तिको उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो । "एउटै किसिमको विश्वविद्यालयमा फरकफरक मापदण्ड रहेका छन्, त्यसर्थ छाता ऐनको निर्माण हुन आवश्यक छ", उहाँले भन्नुभयो ।

सांसद वासुदेव घिमिरेले विधेयकको समर्थन गर्दै नेपाललाई नेत्र स्वास्थ्यको आकर्षक हबका रूपमा विकास गर्न जरुरी रहेको बताउनुभयो । छलफलमा सांसदहरू रामप्रकाश चौधरी, अम्मरबहादुर रायमाझी, मैना कार्की, देवेन्द्र पौडेल, ज्ञानु बस्नेत सुवेदी, दुर्गा राई, नारायणी शर्मा, हितराज पाण्डे, प्रेम सुवाल, रन्जुकुमारी झा, कालुराम राई, भगवती चौधरी, सरिता भुसाल, जनार्दन शर्माले भाग लिनुभएको थियो ।

छलफलमा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री पन्तले दक्षिण एसियामा नेत्र उपचारको सम्भावना नेपालमा देखिएको भन्दै तिलगङ्गा नेत्र विश्वविद्यालयले आँखा रोगीहरूलाई छिटोछरितो, सरल, सस्तो, सहज स्वास्थ्य सेवा उपलब्ध गराउन सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

"विधेयकलाई कसरी प्रभावकारी बनाउन सकिन्छ? आँखा उपचारमा के-के सम्भावना छन्? भन्नेबारे डा रूइतसँग गहन छलफल भएको छ", उहाँले भन्नुभयो, "विश्वविद्यालयको स्थापना र सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गर्ने विषयमा छाता ऐनको मस्यौदा पनि तयार भइसकेको छ । मस्यौदालाई यसै वर्ष संसद्मा दर्ता गर्ने सरकारको तयारी छ ।" मन्त्री पन्तले नेपालको दुर्गम क्षेत्रमा बसोबास गर्ने आँखाका रोगीमध्ये ६५ प्रतिशत नागरिकलाई मोतीविन्दुको समस्या रहेको भन्दै आँखा उपचारको क्षेत्रमा दक्षिण एसियामा अगाडि बढ्ने सम्भावना नेपालको रहेको बताउनुभयो ।

"विश्वविद्यालय स्थापना हुँदा नेपालीलाई मात्रै दक्ष र शिक्षित बनाउने नभइ विश्वका अन्य देशका विद्यार्थी पनि अध्ययनका लागि आकर्षित हुने सम्भावना छ", उहाँले भन्नुभयो, "हामीले उत्पादन गरेका लेन्सलाई कसरी प्रत्यारोपण गर्ने भन्ने विषयमा वैज्ञानिक छलफल हुनसक्छ । यो विश्वविद्यालयले नेपाललाई शैक्षिक हबका रूपमा विकास गर्ने सम्भावनाको रूपमा रहनसक्छ ।"

प्रतिनिधिसभाको अर्को बैठक यही साउन १९ गते दिउँसो १ बजे बस्नेछ ।रासस

# सुख्खाग्रस्त क्षेत्रका किसान केन्द्रित राहतका कार्यक्रम घोषणा गर्न माग

काठमाण्डु । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सांसदहरूले समयमा वर्षा नहुँदा खानेपानी तथा सिँचाइको अभाव भएका तराई-मधेशका जिल्लामा किसान लक्षित राहतका कार्यक्रम तत्काल घोषणा गर्न सदनमार्फत् सरकारको ध्यानाकर्षण गराउनुभएको छ । बैठकमा सांसदहरूले किसानलाई विद्युत् महसुल छुटलगायत सुविधा उपलब्ध गराउन माग गर्नुभएको हो ।



बैठकमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद जनार्दन शर्माले सिँचाइ प्रयोजनका लागि प्रयोग हुने विद्युत्को महुसुलमा सरकारले छुट दिनुपर्ने माग राख्नुभयो । अव्यवस्थित विद्युतीय संरचनाका कारण बोरिङ तथा विद्युतीय पम्प चलाउँदा करेन्ट लागेर किसानले ज्यान गुमाइरहेका विषय पनि उहाँले संसद्मा उठाउनुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका सांसद रामप्रकाश चौधरीले तराई-मधेशका जिल्लामा देखिएको खडेरीको समस्याबाट प्रभावित किसानका लागि तत्काल राहत तथा अनुदानको प्याकेज घोषणा गर्न सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद योगेन्द्र मण्डलले अहिले खडेरीले किसान आक्रान्त भइरहेका बेली उहाँहरूले पर्याप्त मात्रामा विद्युत् प्रयोग गर्न नपाएको विषय सदनमा उठाउनुभयो । सिँचाइका लागि चाहिने विद्युत् प्रयोग गर्दा न्यून भोल्टेजका कारण समस्या हुने गरेको उहाँको भनाइ छ ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद प्रकाश अधिकारीले जलवायु परिवर्तनका असर निरन्तर बढ्न थालेका उल्लेख गर्दै अहिले सरकारले सङ्कटग्रस्त क्षेत्र घोषणा गरेका जिल्लामा विशेष राहतका कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो । बोरिङ सञ्चालन गर्दा विद्युत् कटौती हुने, ट्रान्सफर्मर चोरी हुनेलगायत समस्या आइरहेको उहाँले उल्लेख गर्नुभयो । पानी नपरेका जिल्लामा खानेपानीको समस्या निरन्तर बढिरहेको उहाँले बताउनुभयो ।

नेपाली कांग्रेसका सांसद सञ्जयकुमार गौतमले किसानले लगाएका धानबाली खडेरीका कारण सुक्न थालेका उल्लेख गर्दै सुख्खाग्रस्त सबै क्षेत्रको पहिचान गर्न र त्यहाँका किसानलाई राहत उपलब्ध गराउन आग्रह गर्नुभयो । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद इश्वरबहादुर रिजालले दोलखा जिल्लामा रहेको चुनढुङ्गा खानीलाई सिन्धुपाल्चोक जिल्लामा पर्ने भनी गलत प्रचार भइरहेको बताउनुभयो । उहाँले चुनढुङ्गा खानी दोलखा जिल्लाको भीमेश्वर नगरपालिका-९ मा पर्ने स्पष्ट पार्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद पूर्णबहादुर घर्तीमगरले रुकुम जिल्लाका अधिकांश स्थानीय सडकहरू वर्षात्को समयमा क्षतिग्रस्त भएका भन्दै सवारीसाधन सञ्चालनमा समस्या भइरहेको बताउनुभयो । मध्यपहाडी राजमार्ग निर्माणमा भइरहेको ढिलाइबारे पनि उहाँले सरकारको ध्यानाकर्षण गर्नुभयो ।

नेपाल वायुसेवा निगमको वाइडबडी विमान खरिद प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट कुनै निश्चित व्यक्ति लक्षित मात्रै मुद्दा दायर भएको विषयलाई गम्भीरतापूर्वक लिन उहाँले आग्रह गर्नुभयो । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद भगवती चौधरीले जमिनमुनिको पानीको गुणस्तर परीक्षण हुन नसकेको भन्दै यस्तो पानी प्रयोगका लागि उपयुक्त छ वा छैन भन्ने नजानी उपभोक्ताले प्रयोग गरिरहेको विषय सदनमा उठाउनुभयो । एमालेका सांसद चन्द्रबहादुर विश्वकर्मा सवारीसाधन दुर्घटना बढेको बताउनुभयो । सडक दुर्घटनामा परी घाइते भएका व्यक्तिको निःशुल्क उपचारको व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले भिजिट भिसा प्रकरणमा उच्चस्तरीय न्यायिक आयोग वा संसदीय छानबिन समितिको माग दोहोऱ्याएको छ । रास्वपा सांसद विनिता कठायतले यो विषयमा नेपालभित्र मात्रै नभइ अन्तरराष्ट्रिय समुदायमा पनि चासो बढेको बताउनुभयो । जुम्लाका स्याउ किसानले बिमा दाबी भुक्तानी नपाएको विषय पनि उहाँले संसद्मा उठाउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद डा धवलशमशेर जबराले गत चैत १५ गते घटेको तिनकुने घटनाबारे निष्पक्ष छानबिन तथा फैसला हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले उक्त घटनामा राज्यको तर्फबाट अत्यधिक बल प्रयोग भएको, जथाभावी अश्रुग्यास र रबरका गोली प्रहार भएको आरोप लगाउनुभयो ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा नेपाली कांग्रेसका सांसद श्यामकुमार घिमिरेले भिजिट भिसा प्रकरणलाई लिएर सदनमा विरोध जनाइरहेको प्रतिपक्ष दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने आफैँ भिजिट भिसामा अमेरिका गएको, नेपाली नागरिकता त्यागेको र पुनः नेपाल फर्किएर यहाँ सक्रिय भएको आरोप लगाउनुभयो ।रासस

# नेपाल र थाइल्याण्डबीच सांस्कृतिक समानताहरू छन्: परराष्ट्रमन्त्री

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपाल र थाइल्याण्डका बीचमा कैयौँ सांस्कृतिक समानताहरू रहेका उल्लेख गर्नुभएको छ । शुक्रबार राजधानीमा आयोजित ' थाइ फ्लेभस् 'इन द हिमालज्' ट्रेड फेयरको उद्घाटन गर्दै उहाँले नेपाल र थाइल्याण्डबीच ऐतिहासिक सम्बन्ध रही आएको र दुई देशबीचमा सांस्कृतिकलगायत धेरै क्षेत्रमा समानता रहेका बताउनुभयो ।



मन्त्री राणाले दुई देशका बीचमा पाहुनाहरूको स्वागत, बहुधार्मिक र बहुसांस्कृतिक मूल्यमान्यताहरूको सम्मान, सहिष्णुता तथा पर्यटन र यसमार्फत प्राप्त गर्न सकिने समिृद्धिलगायत समानताहरू रहेका चर्चा गर्नुभयो ।

पर्यटन दुई देशका बीचको साझा समृद्धि एवं सहकार्यको क्षेत्र हुनसक्ने स्पष्ट गर्दै मन्त्री डा राणाले नेपालमा पनि पर्यटनको अथाह सम्भावना रहेकाले पर्यटन एवं हस्पिटालिटीका क्षेत्रमा लगानी गर्न थाई लगानीकर्ताहरूलाई आग्रह गर्नुभयो ।

नेपाल उद्यमशिलताका क्षेत्रमा अघि बढिरहेको र हस्तकलालगायत कैयौँ वस्तुको उत्पादन विश्वबजारको आकर्षण पनि बनेको भन्दै उहाँले नेपालमा लगानी गर्न थाई उद्योगी व्यवसायीहरूलाई आग्रह गर्नुभएको हो ।

नेपाल र थाइल्याण्ड कहिल्यै पनि कुनै उपनिवेशमा नरहेका स्वतन्त्र र स्वाधीन राष्ट्र रहेका प्रसङ्ग उल्लेख गर्दै मन्त्री डा राणाले प्रधानमन्त्री केपी शर्मा ओलीले हालै थाइल्याण्डको भ्रमण गर्नुभएको र त्यस क्रममा सरकारी तथा निजी क्षेत्रमा सहमति र समझदारी भएका स्मरण गर्नुभयो ।

सो भ्रमणबाट दुई देशबीचको सम्बन्ध थप प्रगाढ बनेको जनाउँदै उहाँले आगामी दिनमा यस प्रकारका उच्चस्तरीय भ्रमणहरुलाई निरन्तरता दिनुपर्ने पनि उहाँले बताउनुभयो । नेपालस्थित थाई दूतावासरभाटभाटेनीसुपरमार्केटद्वारा सो फेयरको आयोजना गरिएको हो ।रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | नोकरीमा समय खर्चिनेहरुका लागि समय राम्रो रहेको छ। |
| वृष : | ईष्टमित्र तथा आफन्तका साथ रमाइलो यात्राको अवसर जुर्ने समय रहेको छ। |
| मिथुन : | शिक्षा क्षेत्रसंग सम्बन्धित व्यवसाय फस्टाएर जानेछ । |
| कर्कट : | सवारी साधनको व्यापार व्यवसाय सुरु गर्दा भनेजस्तो नाफा कमाउन सकिनेछ। |
| सिंह : | आफ्नै मेहनतले व्यवसायमा फडको मार्न सकिनेछ । |
| कन्या : | समयमा काम गरी प्रशंसक तथा समर्थकहरु जुटाउन सकिनेछ । |
| तुला : | आर्थिक अवस्था राम्रो हुने तथा पहिले देखि नउठेका रकमहरु उठ्नेछन् । |
| वृश्चिक : | खानपानमा ध्यान दिनुहोला सामान्य स्वास्थ्य सम्बन्धी समस्या आउन सक्छ । |
| धनु : | नयाँ कामको प्रस्ताव आउनेछ भने नोकरीमा पदोन्नति हुनेछ । |
| मकर : | काम गर्ने जासे, जाँगर र आत्मबल बढ्नेछ । |
| कुम्भ: | समयले साथ दिने हुँदा सानो प्रयत्नले राम्रा तथा परिणामुखी काम गर्न सकिनेछ । |
| मीन : | साथीभाईसंग मनमुटाब हुने योग छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



संयुक्त अधिराज्य(बेलायत)को लण्डन शहरमा रहेको ऐतिहासिक ‘लण्डन ब्रिज’। यो पुल थेम्स नदीमाथि बनेको छ। ठूला पानीजहाज पार गराउन दुवै तर्फबाट पुल खुल्ने गर्छ।
*तस्बिर : रासस*

# वीरगञ्ज नाकाबाट दुई हजार ३३७ थान विद्युतीय सवारीसाधन आयात

वीरगञ्ज । वीरगञ्ज नाका हुँदै गत आर्थिक वर्षमा रु एक अर्ब ६४ करोड मूल्य बराबरका साना-ठूला दुई हजार ३३७ थान विद्युतीय सवारीसाधन आयात भएका छन् । भन्सार कार्यालयले गत आवमा विद्युतीय सवारीसाधनको आयातबाट रु एक अर्ब ८० करोड ४५ लाख राजस्व सङ्कलन गरेको हो।




वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले वीरगञ्ज नाका हुँदै विद्युतीयभन्दा इन्धनबाट चल्ने सवारीसाधन बढी भित्रिएका छन् । गत आवमा रु १२ करोड छ लाख मूल्य पर्ने १६ थान विद्युतीय जिप, कार र भ्यान आयात भएका छन् । ती सवारीसाधनको आयातबाट रु १९ करोड ७४ लाख राजस्व सङ्कलन भएको उहाँले जानकारी दिनुभयो ।

सोही अवधिमा ५१ किलोवाटदेखि एक सय किलोवाट क्षमताका रु १३ करोड चार लाख मूल्य पर्ने ५० थान विद्युतीय जिप, कार र भ्यान आयात भएका छन् । एक सय एक किलोवाटदेखि दुई सय किलोवाट क्षमताका रु २४ करोड ८० लाख मूल्य बराबरका ३६ थान विद्युतीय जिप, कार र भ्यान आयात भएका छन् । यो नाका हुँदै रु ४३ करोड दुई लाख मूल्य पर्ने एक हजार ८२१ थान विद्युतीय मोटरसाइकल आयात भएका छन् ।

प्रमुख भन्सार प्रशासक लामिछानेका अनुसार रु १२ करोड छ लाख मूल्य पर्ने दुई सय एक किलोवाटदेखि तीन सय किलोवाट क्षमताका १६ थान विद्युतीय जिप, कार र भ्यान पनि आयात भएका छन् ।रासस

# महिलामैत्री छैन सिरहाको कारागार

सिरहा। महिला कैदीबन्दीको संवेदनशीलता र सुरक्षालाई ध्यानमा राखी ‘महिलामैत्री’ कारागारको आवश्यकता बारम्बार उठ्दै आएको छ । तर सिरहाको कारागारमा अहिले त्यस्तो कुनै सुविधा उपलब्ध छैन ।



महिला कैदीबन्दीका लागि छुट्टै संरचना नहुनु, बनाइएको भवनमा आवश्यक संरचना नपुगेको र वर्तमान कारागारको भीडभाडले यो समस्या थप जटिल बनाएको कारागार प्रशासक सुवोधकुमार महतोले बताउनुभयो । उहाँका अनुसार महिला कैदी तथा बन्दीलाई राख्नका लागि छुट्टै प्रकारको कारगार छैन । महिना दिनअघिबाट यहाँका महिला कैदीबन्दीलाई अन्यत्र स्थानान्तरण गरिएको छ ।

महिला कैदीका लागि छुट्टै आवासीय भवन, पर्याप्त र सुरक्षित शौचालय तथा स्नानगृह, शिशुसहितका महिलाका लागि बाल संरक्षण कक्ष, सुरक्षित भेटघाट कक्ष र गोपनीयता सुनिश्चित गर्ने सुविधा आवश्यक मानिन्छ ।

**अधुरो भवन, अपूरो योजना**

मधेसप्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेटअन्तर्गत करिब रु ६० लाखको लागतमा महिला कैदीबन्दीका लागि भनेर एक नयाँ भवन निर्माण थालिएको भए पनि हालसम्म त्यो अधुरो छ । झन् त्यस भवनमा महिलामैत्री आवश्यक संरचना पनि छैन । कारागार प्रशासक महतोले भन्नुभयो, “कम्पाउण्ड वाल, खानेपानीको सुविधा, शौचालय, सेफ्टीट्याङ्की, सेन्ट्री पोष्ट, भेटघाट कक्ष यति नहुँदासम्म उक्त भवन प्रयोगविहीन हुन्छ ।”

झन् चिन्ताको विषय त उक्त भवनमा प्रयोग गरिएको झ्याल सिसाको हो, जुन सुरक्षाका दृष्टिकोणले अत्यन्त जोखिमपूर्ण मानिन्छ । महतो भन्नुहुन्छ, “त्यहीं सिसा फुटाएर अवाञ्छित क्रियाकलाप हुने तथा विभिन्न घटना घटाउन सक्ने सम्भावना हुन्छ । किन र कसरी त्यो प्रयोग गरियो, म अनभिज्ञ छु । म यहाँ प्रमुख बनेर आएको डेढ महिनामात्र भएको छ ।”

**जीर्ण संरचना र क्षमताभन्दा बढी कैदी**

सिरहाको मुख्य कारागार २०२८ सालमा निर्माण भएको हो, जुन आजसम्म स्तरोन्नति गरिएको छैन । पुरानो संरचना, अपुग सुविधा र कैदीबन्दीको अत्यधिक सङ्ख्याले स्थिति अझ भयावह बनाएको छ ।

यो कारागारको क्षमता एक सय ५० जनाको मात्र भए पनि हाल यहाँ चार सय ४२ जना कैदीबन्दी राखिएको छ । साउन ४ गते कारागारभित्रै आन्तरिक प्रशासनको नाइके तोक्ने विषयमा कैदीबन्दीबीच झडप हुँदा १३ जना घाइते भएका थिए । हाल उनीहरूको काठमाडौँमा उपचार भइरहेको कारागार प्रशासक महतोले जानकारी दिनुभयो ।रासस

# सर्लाही भन्सारले लक्ष्य भेट्टाउन सकेन

मलङ्गवा । सर्लाही भन्सार कार्यालयले लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न असफल भएको छ । कार्यालयले गत आर्थिक वर्ष २०८१/८२ मा लक्ष्यको ९१.४३ प्रतिशत मात्रै राजस्व उठाउन सफल भएको छ ।

कार्यालयले रु ५८ करोड ७६ लाख ६३ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु ५३ करोड ७३ लाख १७ हजार मात्र राजस्व सङ्कलन गरेको भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत ठाकुर आचार्यले जानकारी दिनुभयो । यसअघि सो कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा ७२.२५ प्रतिशत र आर्थिक वर्ष २०७९/८० मा लक्ष्यको ५२.९८ प्रतिशत मात्रै राजस्व सङ्कलन गरेको थियो । अघिल्लो दुई आर्थिक वर्षको तुलनामा यस पटक राजश्व सङ्कलन बढे पनि शतप्रतिशत लक्ष्य हासिल गर्न नसकिएको उहाँले बताउनुभयो ।

बजेट वक्तव्यमा अग्रिम आयकर खारेज भएसँगै मलङ्गवा नाकाबाट अग्रिम आयकर लाग्ने वस्तुको आयात हुन छाडेपछि लक्ष्यअनुसार राजस्व सङ्कलन हुन नसकेको प्रमुख भन्सार अधिकृत आचार्यले बताउनुभयो । भारतसँगको खुला सीमाका कारण विभिन्न सरसामग्रीको तस्करी हुने भएकाले राजस्व सङ्कलनमा समस्या हुँदै आएको बताइन्छ ।

सर्लाही भन्सार कार्यालयले मुख्यगरी भारतबाट निकासी हुने धान, आलु र प्याजबाट बढी मात्रामा राजस्व सङ्कलन गर्ने गरेको प्रमुख भन्सार अधिकृत आचार्यले बताउनुभयो । मलङ्गवा नाका भएर भारतबाट खाद्यान्नसहित सामग्री ठूलो परिमाणमा आयात हुने गरेको छ । नेपालबाट प्लाइ र अन्य केही सामग्री थोरै परिमाणमा भारततर्फ निर्यात हुने गरेको छ ।रासस

# फितलो विपद् पूर्वतयारीले निम्त्याउनसक्ने सङ्कट

बरहथवा । मौसम पूर्वानुमान महाशाखाले यस वर्ष विगतकोभन्दा धेरै पानी पर्ने प्रक्षेपण गरेको छ । देशका अन्य भूभागमा पानी परिरहेको भए पनि मधेसमा मौसम राम्रोसँग बदली हुन सकेको छैन ।

असार खडेरीमा बितेको मधेसमा धान रोपाइँ प्रभावित त भयो नै, खानेपानीकोसमेत सङ्कट गहिरिन थालेपछि चौतर्फी चिन्ता बढेको छ । आकाशको पानी पर्न नसकेपछि भूमिगत जलसतह गहिरिँदै गएको तथ्याङ्कले देखाएको छ । तराई मधेसको अहिलेको टड्कारो चिन्तासँगै अर्को विपत्तिको आँकलन स्थानीयले गर्न थालेका छन् । साउनको पहिलो हप्ता बित्नैलाग्दा झरी नदेखेका स्थानीय अब हुने वर्षाको रूप कस्तो होला भनेर चिन्तित बनेका हुन् ।



यस वर्ष विगतकोभन्दा धेरै वर्षा हुने मौसम विज्ञहरूको यस पहिलाकै चेतावनी हो । यस अर्थमा यस वर्ष मधेसमा हुने वर्षा सामान्य हुनेछैन । असारभरि पानी पर्न नसकेको तराईमा साउनको पहिलो हप्ता पनि उस्तै गरी टर्ने हो की भन्ने चिन्ताले स्थानीयवासी चिन्तित छन् । सर्लाहीको लालबन्दी नगरपालिका-१३, सेती भिरका सन्तबहादुर रखाल मगरले यस वर्षको मौसमी अवस्थालाई ३२ वर्ष पहिलाको विपत्तीको पूर्वसङ्केतसँग तुलना गर्नुहुन्छ । यसरी ढिलोगरी भएको वर्षाले वितण्डा ल्याउने उहाँको अनुमान छ ।

“विसं २०५० मा पनि यस्तै भएको थियो”, उहाँले स्मरण गर्नुभयो, ‘‘असार पूरै सुक्खामै टरेको थियो । किसान खेती गर्न नपाएपछि अनिकालको चिन्ता गर्दै थिए । एक्कासी साउन ५ गते रातिबाट मुसलधारे वर्षा सुरु भयो । तीन दिन तीन रात आकाशले आँखै उघारेन । त्यसपछि देशको चारैतिर तहसनहसबाहेक केही थिएन ।” यस वर्ष पानी नपरेपछि धान रोप्न नपाउनुभएको उहाँमा चामल किनेर खानुपर्ने चिन्तासँगै प्रतिकूल मौसमको डर देखिन्थ्यो ।

“आफूले गरेको खेतीबाट चामल खान कहिले खाँचो भएको थिएन”, उहाँले भन्नुभयो, “यसपाला किनेर खानुपर्ने भयो ।” अन्नको जोहोभन्दा पनि मौसमको अबको वितण्डा के हुने ? भन्ने चिन्ताले उहाँलाई थप सताइरहेको छ । भौगोलिक अवस्थिति नबुझी बसेका वा बसाइएका मानव बस्ती र गरिएको विकासले प्राकृतिक विपत्तिको ठूलो जोखिम निम्त्याइरहेको जिल्लास्थित मानव अधिकार आयोगका प्रतिनिधि तथा पूर्वप्रधानाध्यापक रजनीकान्त झा बताउनुहुन्छ ।

“यस्ता प्राकृतिक विपत्तिको मूल्याङ्कन मानिसले घर बनाउने, बसोबास गर्ने बेलामा गर्दैनन्”, उहाँले भन्नुभयो, “जहाँ खाँबो गाड्न मिल्छ त्यही घर बनाइहाल्ने प्रचलनले हामी आफैँले विपत्ति निम्त्याइरहेका छौँ ।” पानीको निकासा छेक्ने, सिमसार क्षेत्र पुर्ने, भिर काटेर घर बनाउनेजस्ता व्यवहारले पहिरो, डुबान, बाढीजस्तो चपेटामा पर्ने र जोखिम बढ्ने गरेको उहाँको भनाइ छ । यसतर्फ राज्यका कुनै निकायले ध्यान नदिएको झा बताउनुहुन्छ ।

“सङ्घीयता कार्यान्वयनपछि गठित स्थानीय तहले गरेका विकासमा झन् कुनै निकास छैन”, नागरिक समाजका महासचिव शिवचन्द्र चौधरीले भन्नुभयो, “जनप्रतिनिधि, ठेकेदार, अप्रेटर सबै इञ्जिनियर उहाँहरु आफैँले आफ्नो हिसाबले विकास गर्नुभएको छ । प्रकृतिले आफ्नो हिसाबले विनाश गर्ने पक्का छ ।” प्राकृतिक हिसाबले बगेका खोला र खहरेलाई मानिसले तीव्र गतिमा आफ्नो स्वार्थअनुसार घुमाउने, खुम्च्याउने, पुर्ने गर्दा जोखिम बढेको उहाँले बताउनुभयो ।

तराईको ठाउँमा पानीले निकास नपाउने हुँदा प्रत्येक वर्ष गाउँबस्ती डुबानमा पर्ने गरेको छ । धेरै खहरे खोला र सदाबहार नदीहरू उर्लिएर गाउँबस्तीमा पस्ने गरेका छन् । विपद् व्यवस्थापन समिति सर्लाहीले तयार गरेको प्रतिवेदनअनुसार सर्लाहीमा बागमती, लखन्देखी, झिमलगायतका नदी तथा त्यसका सहायक खोलाहरू एकादशी, मनुसमारा, सोतीलगायतले जिल्लामा ठूलो भू-भाग र त्यसमा बसोबास गर्दै आएका नागरिकलाई प्रभावित पार्दै आएको छ ।

जिल्लाको बलरा नगरपालिका, रामनगर गाउँपालिका, धन्कौल गाउँपालिका, बसवरिया गाउँपालिका, विष्णु गाउँपालिका, गोडैता नगरपालिका, कौडेना गाउँपालिका, ब्रह्मपुरी गाउँपालिका र मलङ्गवा नगरपालिकामा यी नदीले बालीनालीमासमेत ठूलो क्षति पुऱ्याउने गरेको विगतको तथ्याङ्क छ । वर्षौंदेखि स्थानीयलाई दुःख दिँदै आएका यस्ता खोला तथा खहरेको क्षति आँकलन गरेर गरिने पूर्वतयारीमा स्थानीय तह भने मौन बस्ने गरेका छन् ।

जनप्रतिनिधिसमेत हरेक वर्षा नागरिकको गाँस र बास गुमेपछि राहतको ललिपप बोकेर निर्लज्ज भएर गाउँ आउने गरेका बरहथवा नगरपालिका-५ का दिनेश महतोले गुनासो गर्नुभयो । केही वर्ष पहिलासम्म खुला भएर बग्ने आफ्नो घर अगाडिको सोती खोलाले पानी परेपछि मच्चाउने वितण्डा सम्झेर उहाँ चिन्तित हुनुहुन्छ । “विगतका वर्षमा नै यो खोला घर उर्लिएर आउँथ्यो”, उहाँले भन्नुभयो, “यस वर्ष नगरले विकास गर्ने नाममा आधा खोला पुरेर बाटो बनाएको छ । अब के हुने हो थाहा छैन ?”

**के छ त पूर्वतयारी ?**

स्थानीय सरकार सञ्चालन ऐनले पालिका क्षेत्रमा विपद् व्यवस्थापनको सम्पूर्ण अधिकार र जिम्मेवारी पालिकालाई नै दिएका छ । तर, पालिकाहरू यसतर्फ गैरजिम्मेवार बन्ने गरेको स्थानीयको गुनासो छ । समय रहँदै गर्नुपर्ने सम्भावित जोखिम क्षेत्र पहिचान, नागरिकको जीउधनकै रक्षाका लागि गर्नुपर्ने पूर्वतयारीलाई बेवास्ता गर्ने गरेको जिल्लाको धन्कौल-५, निवासी जितेन्द्रसिं कुशवाहाले बताउनुभयो ।

विपद् पूर्वतयारीका नाममा केही पालिकाले गोदाममा त्रिपाल थुपारेर राख्नेबाहेक कुनै काम गरेका छैनन् । यसले विपद्मा परेका नागरिकको पुनःस्थापनाको लागि पर्याप्त नहुने नागरिक समाजका अगुवा चौधरीको भनाइ छ । विपद्को अवस्थामा पीडितहरू स्थानीय तहले गर्ने व्यवहारले थप पीडित बन्ने गरेका उहाँको अनुभव छ । गत वर्ष पानी कम परेको सर्लाहीको दक्षिणी क्षेत्रका बलरा, रामनगर, विष्णु, कौडेनालगायतका पालिकाका सयौँ नागरिक घरबारविहीन बनेका थिए । त्यतिबेला धेरैको बालीनाली बाढी र डुबानमा परेर नष्ट भएको थियो ।

यस वर्ष बलरा नगरपालिकाले नागरिक सुरक्षाका लागि सम्पूर्ण तयारी गरेको बलरा नगरपालिकाका प्रमुख रामाशङ्करप्रसाद कुशवाहाले जानकारी दिनुभयो । नगरपालिकाअन्तरगतको १ देखि ५ नम्बरसम्मको वडा प्रभावित हुनसक्ने पूर्वानुमानअनुसार खाद्यान्नसँगै सुरक्षित आवासको पहिचान गरी तयारी गरिएको उहाँको भनाइ थियो । “हामीले नगरअन्तर्गतको विपद् व्यवस्थापन समितिमार्फत तयारी पूरा गरेका छौँ”, उहाँले भन्नुभयो, “तत्काल उद्धार गर्नुपर्दा नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग समन्वय र सहकार्य गर्नेगरी योजना बनाएका छौँ ।”

यस पहिला जिल्लास्तरीय विपद् व्यवस्थापन समितिको बैठकमा नगरअन्तरगतको समस्या समाधानको पहल गरेको उहाँले बताउनुभयो । भारततर्फ निर्माण भएको एसएसबी रोडका कारण बागमती नदीको पानी नेपालतर्फ फर्किएर क्षति गर्ने गरेको प्रमुख कुशवाहाले बताउनुभयो । भारतीय पक्षले ड्यामका रुपमा सडक निर्माण गरिदिएपछि विगत तीन वर्षदेखि हरेक वर्ष बलरा नगरपालिकाको पाँच वडा डुबानमा पर्दै आएको उहाँको गुनासो छ ।

जिल्ला विपद् व्यवस्थापन समितिले बल्ल साउनेको पहिलो हप्ता बैठक बसेको छ । यस बैठकबाट जिल्लामा देखिएको खानेपानी सङ्कट समाधानको पहिलो पहल सुरु गरेको प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले जानकारी दिनुभयो । मलङ्गवा नगरपालिका, हरिपुर्वा नगरपालिका, चन्द्रनगर गाउँपालिकालगायतका स्थानमा खानेपानी नहुँदा स्थानीय नागरिक समस्यामा परेको भन्दै बैठकबाट समस्या समाधानको चौतर्फी पहल गर्ने निर्णय गरेको हो । रासस

# वीरगञ्जको घण्टाघरको ट्राफिक व्यवस्थापन अस्तव्यस्त !

वीरगञ्ज । औद्योगिक तथा व्यापारिक नगरी वीरगञ्ज महानगर क्षेत्रमा पनि ट्राफिक व्यवस्थापनमा चुनौती थपिँदै आइरहेको छ । अत्यधिक तीनपाङ्ग्रे अटोरिक्सा र जभाभावी बाटो काट्ने पैदलयात्रीका कारणले यहाँको ट्राफिक व्यवस्थापनमा दिनानुदिन समस्या थपिँदै आइरहेको छ ।



वीरगञ्जको घण्टाघरचोकमा पैदलयात्रु जुनसुकै ठाउँबाट पनि बाटो काटिरहेको दृश्य सामान्य जस्तै लाग्छन् । पैदलयात्रीलाई सहज रूपमा वारपार गर्न राखिएका जेब्राक्रसको चिह्न मेटिएर देख्न पनि मुस्किल पर्ने गरेको छ । वीरगञ्ज मीनाबजारका सीताराम साह वीरगञ्जको घण्टाघरचोकमा पैदलयात्री बेपर्वाह ढङ्गले सडक वारपार गर्ने बताउनुहुन्छ ।

“घण्टाघर चोकमा त सर्वसाधारण जहाँ मन लाग्यो । त्यहीबाट बाटो काटेको दृश्य सामान्यजस्तै लाग्छ”, उहाँले भन्नुभयो, “जसलाई जहाँबाट बाटो काट्न मन लाग्यो । त्यहीबाट बाटो काट्ने प्रवृत्तिले सवारीचालक हैरानी भोग्दै आइरहेका छन् ।” साहले वीरगञ्जको घण्टाघरचोक, नयाँ बसपार्कलगायत स्थानमा ट्राफिक व्यवस्थापन चुस्तदुरुस्त बनाउनुपर्ने बताउनुभयो ।

“सबैभन्दा पहिला त यहाँ सडकमा पर्याप्त मात्रामा ज्रेबाक्रस बनाउन आवश्यक भइसकेको छ”, उहाँले भन्नुभयो, “घण्टाघरमा जडान भएको ट्राफिक लाइटले पनि काम गर्न नसक्दा ट्राफिक व्यवस्थापनमा समस्या थपिरहेको छ ।” घण्टाघरचोकमा भएको जेब्राक्रसमा पनि बाँस राखिएको छ । जसले पैदलयात्रीलाई आवतजावत गर्न समस्या भइरहेको छ । सोही जेब्राक्रस भएकै ठाउँबाट सवारीसाधन चलाउने भएकाले बाँस राख्नुपरेको ट्राफिक प्रहरी बताउँछन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख लोकराज भट्टले सीमित जनशक्ति र पैदलयात्रीमा जनचेतनाको अभावको कारणले जभाभावी ढङ्गले बाटो काट्ने समस्या रहेको बताउनुभयो । “घण्टाघरचोकमा वरपर रेलिङ नहुँदा पनि जभाभावी बाटो काट्ने सर्वसाधारणलाई नियन्त्रण गर्न मुस्किल परिरहेका छन्”, उहाँले भन्नुभयो, “भएका रोड फर्निचरहरू पनि नियमित रूपमा मर्मतसम्भार नहुँदा समस्या भइरहेको छ ।”

कार्यालयले घण्टाघरचोकमा ट्राफिक व्यवस्थापनको लागि दुई जना र जिल्ला प्रशासन कार्यालय पर्सा जाने मोडतर्फ थप एक गरी जना ट्राफिक प्रहरी खटाउँदै आइरहे पनि ट्राफिक नियमको पालना भने प्रभावकारी रूपमा हुन सकिरहेको छैन । पर्सा जिल्लामा गत आवमा सवारी दुर्घटनामा परेर ४७ जनाको मृत्यु भएको छ । जबकि आव २०८०/८१ मा भने यहाँ जिल्लाभरिमा ५३ जनाको सवारी दुर्घटनामा परेर मृत्यु भएको छ । वीरगञ्ज महानगर र सडक विभागले पनि यहाँको ट्राफिक लाइट व्यवस्थापन र सञ्चालनमा भने ध्यान दिन सकिरहेको छैन ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रमुख राजकुमार सिलवालले वीरगञ्जको ट्राफिक व्यवस्थापनमा सीमित जनशक्तिको कारणले पनि समस्या भएको बताउनुभयो । उहाँले भन्नुभयो, “पर्सामा कार्यरत १०-१५ जना प्रहरीको अन्य स्थानमा रवाना भइसकेको छ । सीमित जनशक्तिले पनि काम गर्न समस्या छ । यद्यपि हामीले जहाँजहाँ ट्राफिक व्यवस्थापनमा समस्या देखिएको छ । सो ठाउँको समाधानका लागि आवश्यक कदम अघि बढाउनेछौँ ।”रासस


सूचना ! सूचना !! सूचना !!!

**भित्ते चित्रकला लेखन गर्नका लागि प्रस्तावना आव्हान**

बेलायत सरकारको आर्थिक सहयोगमा पिपुल ईन नीडको नेतृत्व र ड्यान चर्च एडको सह नेतृत्वमा, साझेदार संस्थाहरु ली-वर्ड, आत्म निर्भर केन्द्र, प्रेरणा तथा यूथ इन्नोभेसन ल्यावद्वारा संन्चालित रेन कार्यक्रम (उत्थानशील, अनुकुलन र समावेशी नेपाल) अन्तर्गत गौर नगरपालिका क्षेत्रमा तातो हावाको लहरको जोखिम र जनचेतना अभिबृद्धि सम्बन्धी भित्ते चित्रकला लेखन गर्नका लागि प्रस्ताव आह्वान गरिएको छ ।

ईच्छुक आवेदनकर्ताहरुले विस्तृत जानकारी र नमुना ढाँचाको लागि Terms of Reference (ToR): Engagement of Artist(s) for Heatwave Mural Art वा https://bit.ly/HeatwaveMuralArt वा तलको क्यु आर कोड बाट जानकारी प्राप्त गर्न सकिनेछ ।

**प्रस्ताव पेश गर्ने अन्तिम मिति जुलाई ३०, २०२५ (श्रावण १४, २०८२), बेलुका ५:00 बजेभित्र।**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। बेटीके दरद ।।

दहेजके डरसे तु हमरा मुरखे रखले
परहलिखके उमेरमे बियाहके बन्धनमे बाइनदेले ।
सोचले एगो बोझ कम भगेल,गंगा नहालेली कम समयमे,
मुदा इ नै सोचले बेटी केनाके सम्हारतौ ससुराल कच्चा उमेरमे ।।
अभि त नै चुल्हीचौका सिख्ली नै रोटी बनाबेके
अभि त नै जोर चितके सिख्ली नै कुछ समहारके ।
सिखेके उमेरमे बाइन्ह देल्ही बडका जिम्मेवारी,
परहके उमेरमे बना देल्ही जिन्दगी बडकाभारी।
जाग तु जगा सबके तब जगतौ सारा जहान
बंद कर दहेजके लेनदेन ,तब बनतौ बेटी महान ।
नै खोज काबिल बर , दहेजके पैसासे
तु खुद बेटीके काबिल बना वही पैसासे।।
तब देखही, तोहर बेटी कते अगाडी बडतौ
दहेज लिय नै दहेज दके सब कोइ बेटी मगतौ ।
तब देखही बेटीके लेल बर खोज जाइ नै परतौ,
बर बेटीके खोजइत तोरा दुरा तक अइतौ।।



नाम :- शुशिला कुमारी महतो (शिक्षिका)
ठेगाना :- धनुषाधाम,हरिपुर

## ।। जीवनको बाटो ।।

जीवनको बाटो कहिल्यै सिधा हुँदैन,
कहिले उज्यालो, त कहिले अँध्यारो ।
जीवन मा छन् थुप्रै मोड , थुप्रै गल्तीहरू,
तर ती मोडमै लुकेका छन् सिकाइका पाटाहरू।
कहिले लाग्छ एक्लो छु म यो यात्रा भित्र,
तर हरेक पाइलामा साथ दिन्छ आत्मा ।
हावा विरुद्ध हिँड्नुपर्छ कहिलेकाहीँ,
त्यहीँ बाटोले त सिकाउँछ अगाडि बढ्न ।
सपना बोकेर हिँड्दा काँडा पनि फुल लाग्छ,
साँचो मन राख्दा त अन्धकार पनि उज्यालो लाग्छ।
जो डराउँदैन दुःखसँग, उही साँचो विजेता बन्छ,
जीवनको बाटोमा त्यही बनिन्छ प्रेरणादायक कविता।
थाकेर नबस, रोएर नछोड,
सफलताको ढोका हो एकैछिनमा मोडीन्छ।



नाम: खुशी कालिकोटे
घर : ओखलढुङ्गा च्यानाम
हाल: जनकपुरधाम

## ।। बादलको यात्रा ।।

निलो आकाशमा उडे बादल,
सुनौलो घामले दियो झलमल।
सेतो रङको गगन सवारी,
कहाँ जाने हो, यो सधैं हिँडारी?
फाटफुट गर्छ, कहिले रमाउँछ,
कहिले आँसु बर्साएर रोउँछ।
पानी बनेर बग्छ झरना,
दिन्छ उसले जीवन भरना।
कहिले हात्ती, कहिले घोडा,
रूप बदल्ने उसको कौतूहल झैँ झल्को सोधा।
बच्चाले हेर्छ, बनाउँछ चित्र,
आकाशको क्यानभासमा बादलको मित्र।
छायाँ दिन्छ, शीत ल्याउँछ,
गर्मीमा चिसो मिठो श्वास बनाउँछ।
बादल त हो आकाशको फूल,
जो देखिन्छ मनका भूल-भुल।



लेखक रश्मि दनुवार

## ।। अत्याचार ।।

दिन प्रति दिन चोरी भाष्टाचारी होइ छै
अपना देश मे अत्याचार होई छै
मन्दिर सँ लक धर्म कर्म स्थल मे
अन्याय विचारा गरीब जनता भोइग
रहल छै
केकरा करौ लोक आश विश्वास
सबहे के ओहने देख रहल छै
सोर्स फोर्स बला के नोकरी अछि
विचारा गरीब पढ़लो लिखलो
सब टुकुर टुकुर तैक रहल छै
जेकरे लाठी तेकरे भैंस छै अत चोर बदमाश
हैस रहल छै विचरा भर भलादमी ईमानदार
सब फैस रहल छै



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर, हाल सात समुद्र पार दोहा कतार

## ।। रुइ रहेकी छिन् मेरी धरती माता ।।


ए राम........!
तैँले यति क्रोधमा,
सुर्यको तेज किरण तरबार !
किन? गरिरहेको छस्,
अमृतमयी छातीमा प्रहार ‼
.........
के गेरेकी छिन्?
धरती माताले तेरो बिगार !
जो उजाडि रहेको छस्,
यिनकी सौन्दर्य शृङ्गार ‼
.........
तँलाई किन? लाग्दैन माया !
हेर त तिर्खाले तड्पिरहेको छ,
हृदय कोमल काया ‼
कहिले बर्साउछस् तैँले
दयाको शीतल बादल !
कहिले गर्छस्?
हरित, फूलित आँचल ‼
.........
आखिरमा, नाशै गर्ने हो,
तेरो कठोर विचार !
भने, बनाइस् किन? तैँले,
यो सुन्दर संसार ‼
.........
मैले फूल भन्दा बढी,
पत्थरलाई छु बुझेको !
धरती माता भन्दा बढी,
तँलाई छु पुजेको ।।
तैपनि किन? सुन्दैनस् पुकार !
यहि हो,भक्ति बापत उपहार ‼
.........
ए ब्रम्हा, विष्णु, महेश्वर!
हुदैनन् चिन्ता रत्तिभर ‼
कायरझैं, यसरी लुकेछस् कता?
हेर त पीडाले,
रुइरहेकी छिन् मेरी धरती माता ‼
.........



लेखक: राम मण्डल
ठेगाना: लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा
धनुषा, नेपाल ।

## ।। हमर मोनक कथा ।।

हमर मन में भरल अछि विरहक विष,
तैं प्रिये, हम अहाँ बिना अमृतो नहि भ' सकै छी।
अहाँ बिनु हम मोनसँ हँसि नहि सकै छी,
एक टा सादगी प्रेमक पातो बनि नहि सकै छी।
जरि सकै छी विरहक अग्नि में रोज,
मुदा नेहक निधि हम अहाँ बिनु नहि भ' सकै छी।
बनि सकै छी ओ स्वर, जाहि सँ अहाँ घृणा करू,
प्रेमक कोमल भाषा हम अहाँ बिनु नहि कहि सकै छी।
पवनक गति सँ तेज धड़कैत अछि ई हृदय,
मुदा हम अहाँ में समा कऽ चैनसँ जी नहि सकै छी।
जगक झूठ-साँच सँ अनजान अछि हमर मोन,
मुदा एहि सच्चाइ में अहाँ के आपन कहि नहि सकै छी।
एतेक अभागल छी जे अहाँ प्रेमक अमृत पीयो नहि सकै छी,
प्रिये, हम मरि सकै छी... मुदा अहाँ संग जी नहि सकै छी।



सत्यम भट्ट

## ।। अधुरो प्रेम कथा ।।

प्रिय तिमी मुस्काउनु मलाई हेरि ।
प्रिय म माया गर्छु तिमीहलाई फेरि ।।
भुलेर दुनियाको नियम तिमी हुनु मेरि ।
प्रिय म माया गर्छु तिमीहलाई फेरि ।।
दुनियाले जेसुकै सोचे पनि केही फरक पर्दैन ।
प्रिय प्रेमको अगाडि कसैको पनि केही चल्दैन ।।
प्रिय गरिसकेको प्रेम कहिले पनि मर्दैन ।
फेरि माया गर्न सिक्छु केही फरक पर्दैन ।।
म तिम्रो विस्वास बन्छु तिमी मेरो विस्वास बन्नु ।
म तिम्रो श्वास बन्छु तिमी मेरो श्वास बन्नु ।।
प्रिय म तिम्रो विस्वास बन्छु तिमी मेरो विस्वास बन्नु।।
फेरि पनि हाम्रो मायाको सुरुवात गरौं ।
फेरि पनि हाम्रो मायाको चिनो साटासाट गरौं ।।
प्रिय तिमी मुस्काउनु मलाई हेरि ।
म तिमीलाई माया गर्छु फेरि ।।



लेखक- पारस सदा
ठेगाना- धनुषाधाम -०७ भगवानपुर

## ।। गाउँको माया ।।

गोठालो बन्दै बाख्रा पछ्याएको,
हरियो डाँडामा सुम्सुमाउँदै हिँडेको,
बालापन बितेको त्यो मधुर स्मृति –
आज पनि गाउँको माया मनभरि छ।
खर्कमा उक्लिएर सिस्नो टिपेको,
आमा भान्सामा आगो ताप्दै पर्खेको,
दाउरा बोकेर खोल्साबाट फर्कँदा –
साँझको त्यो झुल्को अब सपनामा भरिएको।
चमेले फुल्ने त्यो डाँडो अझै उस्तै छ होला,
तर हाम्रो पाइला चाहिँ शहरमा अल्झिएको होला।
काँचो गोबरले लिपिएको त्यो आँगन,
आज सिसाको झ्यालमा हराएको त्यो आनन्द।
धेरै चकमक शहर देखेँ,
तर त्यो माटोको सुवास भेटिनँ कतै।
दाल-भात भन्दा मिठो लाग्थ्यो –
घ्यू हालिएको ढिंडो त्यो आमाको हातकै।
पिपलको छायाँ, चौतारोको गफ,
मित्रहरूको हाँसो अनि साँचो अपनत्व।
सबै केही अझै मनमा बाँकी छ –
गाउँको माया, कहिल्यै नफेरिने जीवनको साँचो चित्र।



नाम: विवोक साह

## ।। मेरो देशको पीडा ।।

हाम्रो देश रोइरहेको छ – माटो भिजेको छ आँसुमा,
सपना त थुप्रै छन् तर हराएका छन् कलम र पानामा।
नेता मोटाउँदै छन् – जनता दिनहुँ घट्दै,
अन्यायको सुनामीमा, साँचो आवाज चुपचाप मेट्दै।
किसानको हातमा छैन् मल – बिउ सुक्दै छ धर्तीमा,
श्रमिकको श्रम सस्तो – रगत चुहिन्छ सिमेन्टको पक्टरीमा।
स्कूलको भित्तामा शिक्षा लतपतिएको छ,
अस्पतालमा जीवन पैसाको लिस्टमा टाँसिएको छ।
देश बाँचोस् भनेर गोली खाए हाम्रा पुर्खाहरू,
आज तिनै सन्तानहरू बेचेका छन् यी धरोहरहरू।
सत्ता कुर्सीमा सौदा छ – राष्ट्रको, भाषाको, ईमानको,
मान्छे बिक्दै छ यहाँ, सस्तो हाँसोमा, सम्मानको।
राष्ट्रगान गाएर गर्व गरिन्छ – भाषणमा,
तर देश बर्बाद छ रोजगारीको पलायनको यात्रामा।
आमा माटो हेर्छिन् र भन्छिन् – "मेरा छोराहरू कहाँ छन्?"
बुवा देश हेर्छन् र भन्छन् – "यो नेपाल अझै बाँच्न सक्छ त?"



लेखक: दिलीप कुमार दास
ठेगाना: धनुषाधाम -४ लक्ष्मीपुर

## ।। किसान ।।

किसान हु भनेर गर्व गर्न मन लाग्छ
खेतमा देखेको पहिलो बालीले मन मन्ध हुन्छ
किसान रोएको कसैले पनि देख्दै न
किसान आफु रोएको पनि कसैलाई पनि देखाउदै न
सरकारले सिचाइको व्यवस्थाको आस मात्रै दिने
किसान आफुमा निर्भर भएर बोरिङबाट खेतमा पानी दिने
मल र बिउको लागि सरकारसँग अपेक्षा राख्छन्
आश्वासनको भारी बोकेर आफ्नो मनलाई दुखाउ छन्
किसानले आफुले उत्पादन गरेको बस्तु बेच्न सरकारसँग मूल्य माग छन्
सरकारको ध्यान बिचौलियाको साथ हुन्छ, किसानलाई मतलब दिदैन
तराईमा सरकारले सिँचाइको व्यवस्था न गर्दिने
तराईलाई अन्नको भण्डार हो भनेर कुरा मात्रै गर्दिने



नाम: ऋषिकेश यादव
ठेगाना : जनकपुर

## ।। विद्यार्थीको परिचय ।।

कापि कलम समाउने हो मेरो काम
सबै जना भन्ने गर्छन् बिद्यार्थी हो मेरो नाम।
समयमा सुत्ने समयमा उठ्ने हो हाम्रो राम्रो बानी ,
गृहकार्य सधैं गर्ने हुन्छ हाम्रो राम्रो बानी।
कापि कलम समाउने हो मेरो काम,
सबै जना भन्ने गर्छन् बिद्यार्थी हो मेरो नाम।।
ठुलालाई आदर सानालाई माया गर्ने हो मेरो काम,
बिद्यालय जब पुग्छौ हामी लाग्छ यहिँ हो हाम्रो चार धाम।
कापि कलम समाउने हो मेरो काम
सबै जना भन्ने गर्छन् बिद्यार्थी हो मेरो नाम।।
धर्म, संस्कृति ,सँस्कार शिक्षा हासिल गर्ने ठाउँ ,
बिद्यालय सधैं लाग्छ मलाई आफ्नै गाउँ, आफ्नै ठाउँ ।
सुख ,दुःख सबै पोख्ने उहि एउटा ठाउँ,
समाधान गर्न सधैं आउँछ सुजय सर को नाम।
कापि कलम समाउने हो मेरो काम,
सबै जना भन्ने गर्छन् बिद्यार्थी हो मेरो नाम।।



लेखक: कवि श्याम किशोर यादव
ठेगाना: पिपरा ०५ हर्दिया

## ।। मधेसको पीडा ।।

मधेस जल्छ चुपचाप, बोल्दैन कोही,
धेरैले गरेका वाचा, रहे झुटा बोली ।
धर्ती सुकेर गयो, पसिना खेर गयो,
जनताको सपना सधैं अधुरो फेरि गयो ।।
बाढी होस् वा सुख्खा, न त राहत आउँछ,
बाँच्न त संघर्ष छ, सरकार सुतिरहेको पाउँछ ।
सडक छ हो तर खाल्डोमा बिलिन,
आश्वासन दिन्छन्, तर काम सधैं लीन ।।
शिक्षा र स्वास्थ्य छन् केवल किताबमा,
नेताहरू रमाउँछन् दिल्लीको स्वादमा ।
न त रोजगारी छ, न त इज्जत बाँकी,
मधेसको जीवन भयो सरकारको प्यादा साखी ।।
अधिकारको नारा, अब भो झुटो प्रहार,
जनताको आँशुमा देखिँदैन अब सरकार ।
कति सहनु अब? कति लुकाउनु घाउ?
मधेस कराउँछ, "हाम्रो पीडा बुझ त काऊ!" ।।
तर शासक हाँस्छन्, बनाउँछन् मजाक,
गरिबको पेट रगत, उनीहरूका लागि खाक ।
तर एक दिन आउँछ, जब मौनता गर्जन्छ,
त्यो दिन मधेस आफैं इतिहास लेख्ने हिम्मत गर्छ ।।



लेखक : नवल प्रसाद यादव
ठेगाना : सखुवा प्रसौनी गा.पा पर्सा

## ।। नेता जी के नेता मे खोट ।।

समय एलै समय गेलै ।
तैयो नै नेता जी बदललै ।।
बिकास करब कहिक ।
भ्रष्टाचार निमनस कैलक ।।
रोजगारी देब कहिक ।
अपने खर-खनदान के नोकरी देल ।।
कहलक जन्ता के सुबिधा देब ।
मुदा सब सुबिधा अपने लेलक ।।
देखमे त नेता जी ठिक छै ।
लेकिन नेता जी के मन मे खोट छै ।।
कतेक उललु बनेबै जन्ता के नेता जी ।
बिकास के नाम पर कतेक लुटबै नेता जी ।।
जेहने जन्ताके कनेबै नेता जी ।
ओहने आहु कनबै नेता जी ।।
सब कहै छेलै नेता जी के मन में खोट है ।
अब थाह लागल कि नेता जी त बेइमान है ।।



लेखक: - बिरेन्द्र कुमार चौधरी
ठेगाना: - मिथिला नगरपालिका वडा नं०३
हरिहरपुर, धनुषा

## ।। जनकपुरको गन्दगी ।।

(एक सामूहिक गुनासो र चेतना)

जनकपुर धाम, सीता माईको थान,
पवित्र माटो, सुगन्धित स्थान।
तर आज किन यत्रा फोहोर, दुर्गन्धले छाएको छ सहरको भान?
बजार भरी छ प्लास्टिकको थुप्रो,
नाली जता हेर्नु, बग्दैन अब सुस्को।
मन्दिर नजिकै कचरा डम्पिंग,
यात्रुका नजरमा देशको बेइज्जती चम्किँ।
मेयरसाब हो, कहाँ छ तपाईँको नजर?
दावी त ठूला छन्, तर देखिएन असर।
अध्यक्षजी भन्छन् "हामी प्रयासरत छौं",
तर बस्तुस्थिति भने दिनहुँ झन् खत्तम छौं।
हामी पनि दोषी छौं, आँखा चिम्लिन्छौं,
घरको फोहोर बाटोमै फ्याल्न पुग्छौं।
सकेसम्म सचेत रहनुपर्छ आज,
जनताले पनि लिनु पर्छ जिम्मेवारी साज।
बन्न सक्छ फेरि स्वच्छ जनकपुर,
जहाँ बग्छ सुगन्ध, न होस् दुर्गन्ध भरपुर।
सफा बनाऔँ हामी आफैँबाट सुरू,
न होस् अब गुनासो, न होस् मनमा गरु।
योजना होस्, सद्भावको साथ,
सरकार, जन, सबै मिलेर हातमा हात।
जनकपुर बन्नेछ फेरि गौरवको थलो,
जहाँ हर यात्री भेट्नेछ स्वर्गको झल्को।



नाम: रोशन झा
जनकपुर-१७, मनहरपुर

# संस्कृतिका क्षेत्रमा काम गर्ने निकायबीच समन्वय र सहकार्य बढाउनुपर्छः मन्त्री पाण्डे



काठमाण्डु । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका संरक्षक तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले संस्कृतिको क्षेत्रसँग सम्बन्धित रहेर कार्य गर्ने निकायबीच समन्वय र सहकार्य बढाउनुपर्ने बताउनुभएको छ ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा शुक्रबार भएको एक छलफलमा मन्त्री पाण्डेले समन्वय, साझेदारी र सहकार्यमार्फत काम गर्दा धेरै प्रगति गर्न सकिने बताउनुभयो ।

मन्त्री पाण्डेसँग शुक्रबार प्रतिष्ठानका कुलपति, उपकुलपति, सदस्य सचिव तथा प्राज्ञ परिषद् सदस्यहरूले नेपाली ललितकलाका विविध विषय तथा क्षेत्रसँग सम्बन्धित विषयमा छलफल गर्नुभएको थियो । हालको कार्यसमितिको दुईवर्षे कार्य विवरणमा उत्साहजनक दृष्टिकोण देखिएको बताउँदै उहाँले मन्त्रालयसँग सम्बन्धित सबै कुरामा सक्दो सहयोग तथा सहजीकरण गर्ने प्रतिबद्धता जनाउनुभयो । सो क्रममा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले समय निकालेर प्रतिष्ठानको कुरा विस्तृतमा सुनिदिनुभएकोमा मन्त्री पाण्डेलाई आभार व्यक्त गर्दै प्रतिष्ठानको ऐन समायानुकूल परिवर्तनका लागि मन्त्रालयले सार्थक पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

उपकुलपति लालकाजी लामाले सांस्कृति सम्पदाको मूल्य ललितकलाले नै स्थापित गरेकाले सोको सर्वाङ्गीण विकासका लागि यसबाट प्राप्त रोयल्टीको निश्चित रकम यस क्षेत्रको विकासका लागि छुट्याउनुपर्ने धारणा राख्नुभयो ।छलफलमा प्रतिष्ठानका सदस्य सचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली'ले प्रतिष्ठानले दुई वर्षमा सम्पन्न गरेका कार्य, त्यसको परिणाम तथा आगामी दिनमा गरिने कार्यक्रमको विस्तृत जानकार ीसहित नेपाली ललितकलाको क्षेत्रको अवधारणा, विकास, उत्थान, प्रवर्द्धनका लागि गरिनुपर्ने कानुनी, रणनीतिक, कार्यक्रमिक तथा योजनागत कार्यहरूका बारेमा जानकारी दिनुभएको थियो ।

छलफलमा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली, उपकुलपति लालकाजी लामा, सदस्य सचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली', परम्परागत चित्रकला विभाग प्रमुख पाल्साङ मो लामा, वास्तुकला तथा लोककला विभाग प्रमुख प्रदीप अधिकारी, बहुआयामिक तथा अन्य सिर्जनात्मक (बहुआयामिक) कला विभाग प्रमुख सौरगङ्गा दर्शनधारी, मूर्तिकला विभाग प्रमुख दिनेश्वर महतो, समसामयिक चित्रकला विभाग प्रमुख सञ्जय वान्तवा, शिल्प-हस्तकला विभाग प्रमुख अरुणा हिङ्माङलगायतको उपस्थिति रहेको थियो ।रासस

# गुणस्तरीय शिक्षाका लागि लुम्बिनी शैक्षिक गन्तव्य हुनुपर्छः अर्थमन्त्री पौडेल

लुम्बिनी । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गुणस्तरीय शिक्षाका लागि लुम्बिनी शैक्षिक गन्तव्य हुनुपर्नेमा जोड दिनुभएको छ । शुक्रबार आयोजित अन्तरराष्ट्रिय छात्राबास भवनको शिलान्यास तथा देवदह गुरुयोजना सार्वजनिक समारोहमा लुम्बिनीलाई शैक्षिक गन्तव्यका रूपमा विकास गर्नुपर्ने बताउनुभयो ।

रुपन्देहीको देवदहमा करिब रु ८० अर्ब लागतमा बन्ने पूर्वाधार गुरुयोजनाको अर्थमन्त्रीले पौडेलले आज सार्वजनिक गर्नुभएको हो । विश्वविद्यालयलाई २०७७ सालमा सरकारले करिब ९२ बिघा जमिन देवदहमा भोगाधिकारका लागि दिएको थियो । सोही जमिन ओगट्नेगरी बनेको गुरुयोजना कुलपति एवं प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा गत असार ३२ गते बसेको अठौंसभा बैठकले स्वीकृत गरेको थियो ।

सभाबाट स्वीकृत गुरुयोजना उपप्रधानमन्त्री पौडेलले आज सार्वजनिक गर्दै गुरुयोजनालाई पूर्णता दिन विश्वविद्यालय तदारुकतासाथ लाग्नुपर्ने बताउनुभयो । "गुरुयोजना बनाएर मात्रै हुँदैन, यसको कार्यान्वयनका लागि विश्वविद्यालयको अग्रसरता निरन्तर हुनुपर्छ", उहाँले भन्नुभयो, "सरकार विश्वविद्यालयको क्षमता विकासमा सहयोग गर्न सधैँ तत्पर छ ।"

विसं २०५१ मा विश्वविद्यालय स्थापना गर्न माग गर्दै हस्ताक्षर सङ्कलन गरिएको स्मरण गर्दै अर्थमन्त्री पौडेलले अहिले विश्वविद्यालयको स्वरुपमा पुगेकामा खुसी व्यक्त गर्नुभयो । "यो विश्वविद्यालय देशको एक नम्बर र विश्वकै शैक्षिक गन्तव्यका रूपमा स्थापित हुनसक्छ", उहाँले भन्नुभयो,



"शैक्षिक गुणस्तर कायम गरेर विद्यार्थीको रोजाइमा पुऱ्याउनुपर्छ ।"

बौद्ध दर्शनका साथै अन्य विषयसमेत प्राध्यापन गराउँदा विश्वविद्यालय थप प्रभावकारी रूपमा अघि बढेको उहाँको भनाइ थियो । विश्वविद्यालयलाई लुम्बिनी र गौतमबुद्धका रूपमा 'ब्राण्डिङ' गरी त्यसको फाइदा उठाउँदै अन्तरराष्ट्रियस्तरमा फैलाउन निर्देशन उहाँले विश्वविद्यालय परिवारलाई निर्देशन दिनुभयो ।

उपप्रधानमन्त्री पौडेलले रु ८० अर्बको गुरुयोजनाका मूर्तरुप दिँदै शैक्षिक गुणस्तरमा पनि अब्बल हुनुपर्नेमा जोड दिनुभयो । पूर्वाधार विकाससँगै शैक्षिक र जनशक्ति विकासका योजना बनाउन आग्रह गर्दै त्यसको कार्यान्वयनमा सरकारले सहकार्य र समन्वय गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

सोही अवसरमा उपप्रधानमन्त्री पौडेलले लुम्बिनी विकास कोषको गुरुयोजना पूरा हुन नसकेकामा चिन्तासमेत व्यक्त गर्नुभयो । "बजेट भएर मात्रै पनि विकास नहुने रहेछ, राष्ट्रिय गौरवको लुम्बिनी विकास गुरुयोजना ४० वर्ष नाघ्दा पनि सकिएन", उहाँले थप्नुभयो, "यस्ता संस्थालाई पूर्णता दिन नेतृत्वतह इमान्दार हुनुका साथै संस्कृति, सम्पदाको महत्त्व बुझेको र ज्ञान भएको हुनुपर्दछ ।" उपप्रधानमन्त्री पौडेलले देशका ठूला आयोजना क्रमशः बन्दै गइरहेका भन्दै त्यसको संरक्षण, प्रवर्द्धन र सरसफाइमा हरेक नागरिक लाग्नुपर्ने बताउनुभयो ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्राडा सुवर्णलाल बज्राचार्यले लुम्बिनीमा शैक्षिक पर्यटन भित्र्याउनका लागि विश्वविद्यालयले प्रवर्द्धनात्मक कार्यक्रम बनाइरहेको बताउनुभयो । त्रिपिटक पार्क निर्माण, देवदह शिक्षा विकास परियोजनालगायत परियोजनाबाट प्राज्ञिकका साथै पर्यटन विकासमा टेवा पुग्ने उहाँको भनाइ छ । उहाँले देवदह गुरुयोजनाको सपना शीघ्र पूर्ण हुने विश्वास व्यक्त गर्नुभयो ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार डा तिलकराम आचार्यले विश्वविद्यालयको स्थापनादेखि हालको विकाससम्म अर्थमन्त्री पौडेलले पुऱ्याउनुभएको योगदानको चर्चा गर्दै देवदह गुरुयोजना कार्यान्वयनमा पनि ठूलो सहयोग हुने विश्वास व्यक्त गर्नुभयो । विश्वविद्यालयले पूर्वाधार निर्माणसँगै प्राज्ञिक अनुसन्धान सरकारका नीति योजनामा पर्नेगरी गरिरहेको बताउनुभयो ।

देवदहको जग्गा प्राप्तिमा भएको कठिनाइ स्मरण गर्दै उहाँले गुरुयोजना कार्यान्वयन हुँदा मुलुकको नमूना विश्वविद्यालयका रूपमा स्थापित गराउन सकिने धारणा राख्नुभयो । लुम्बिनी, देवदह र बुटवललाई शैक्षिक केन्द्रका रूपमा विकास गर्नेगरी विश्वविद्यालयले पूर्वाधार निर्माण गरिरहेको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा लुम्बिनी सांस्कृतिक नगरपालिकाका उपप्रमुख कल्पना हरिजनले लुम्बिनी बौद्ध विश्वविद्यालय देशकै गौरवको आयोजनाका रूपमा रहेको बताउनुभयो । उहाँले लुम्बिनीको समग्र विकासमा सङ्घीय सरकारको विशेष चासो र सहयोग आवश्यक रहेकामा जोड दिनुभयो ।

विश्वविद्यालयले रुपन्देहीको खडैयामा रु १२ करोड ८३ लाखको लागतमा एक सय विद्यार्थी बस्ने क्षमताको अन्तरराष्ट्रिय छात्राबास (होस्टेल) निर्माण गर्न लागेको छ । सो छात्राबास निर्माण २० महिनाभित्र सकिने अपेक्षा गरिएको छ । विश्वविद्यालयमा हाल करिब दुई सय विदेशीसहित तीन हजार विद्यार्थी अध्ययनरत रहेका छन् ।रासस

# गृहमन्त्री लेखक र पर्यटनमन्त्री पाण्डेबीच मझगाउँ विमानस्थलबारे छलफल

काठमाण्डु । गृहमन्त्री रमेश लेखक र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेबीच आज कञ्चनपुरको मझगाउँ विमानस्थल पुनःनिर्माण एवं स्तरोन्नतिका विषयमा गृह मन्त्रालयमा छलफल भएको छ ।

विसं २०५६ यता बन्द रहेको मझगाउँ विमानस्थलको पुनःनिर्माण गरी चाँडो पुनः सञ्चालनमा ल्याउने विषयमा मन्त्री लेखक र पाण्डेबीच छलफल भएको हो । उहाँहरुसँगै बैठकमा नागरिक उड्डयन प्राधिकरण, कर्पोरेट निर्देशनालयका उपमहानिर्देशक इञ्जिनीयर बाबुराम पौडेललगायतको सहभागिता थियो ।

विमानस्थलको रन्वे निर्माण, टर्मिनल भवन निर्माण, विद्युत् विस्तारलगायतका विषयमा छलफल भएको गृहमन्त्रीको सचिवालयले जनाएको छ । "विमानस्थल पुनःनिर्माण चाँडो सक्ने र अस्थायी रुपमा सञ्चालन गर्ने विषयमा सरोकारवाल अधिकारीसहितको उपस्थितिमा छलफल भएको हो", गृहमन्त्री लेखकका प्रमुख स्वकीय सचिव ईश्वरीप्रसाद जोशीले भन्नुभयो- "विमानस्थल पुनः सञ्चालन गृहमन्त्री लेखकको प्राथमिकता तथा निर्वाचनमा मतदातासामु गरेको प्रतिवद्धता पनि हो, त्यो पूरा हुने प्रक्रियामा छ ।"



मझगाउँ विमानस्थलको ७० प्रतिशत काम सम्पन्न भइसकेको छ । चालु आर्थिक वर्ष २०८२/८३ मा विमानस्थलमा टर्मिनल भवन निर्माणका लागि रु पाँच करोड र रन्वे निर्माण गर्न रु १३ करोड ३० लाख बजेट सङ्घीय सरकारले विनियोजन गरेको छ । "बजेटको सीमितताबीच मझगाउँ विमानस्थल पुनःनिर्माण गर्न राम्रै बजेट विनियोजन गरेका छौँ", पर्यटनमन्त्री पाण्डेले भन्नुभयो- "विमानस्थल पुनः सञ्चालनलाई प्राथमिकतामा राखेर अघि बढेका छौँ ।"

मझगाउँ विमानस्थलको दीर्घकालीन महत्व रहेको उल्लेख गर्दै गृहमन्त्री लेखकले पुनःनिर्माण र पुनःसञ्चालन गर्न अब ढिलाइ गर्न नहुने बताउनुभयो । " सङ्घीय सरकारले विमानस्थलका लागि उचित बजेट सम्बोधन गरेको छ", उहाँले भन्नुभयो, "प्रदेश र स्थानीय सरकारले पनि विमानस्थल पुनःनिर्माणमा साझेदारी गरेका कारण काम द्रुतगतिमा अघि बढेको छ ।"

कञ्चनपुर क्षेत्र नं ३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य एवं गृहमन्त्री रमेश लेखककै पहलमा लामो समय गौचरनमा परिणत भएको मझगाउँ विमानस्थलले पुनःनिर्माणमा गति पाएको हो । "दक्षिणतर्फ नेपाली सेना र रत्न पाटिकाको जमिन विमानस्थलका लागि उपयोग गर्ने विषयमा विगतमा भएको विवाद समाधान भएर काम सुरु भइसकेको छ", गृहमन्त्री लेखकले भन्नुभयो, "विद्युत् विस्तार र सुरक्षा प्रबन्धका लागि पनि पहल भइसकेको छ ।"

केही दिनअघि विमानस्थलको स्थलगत निरीक्षण अवलोकनका लागि मझगाउँ पुग्नुभएका गृहमन्त्री लेखकले विमानस्थल पुनःनिर्माणमा कुनै समस्या नहुने बताउनुभएको थियो । एक हजार ५ सय २५ मिटरको रन्वे निर्माण गर्ने क्रममा नेपाली सेनाले एक सय ५० मिटर जमिन विमानस्थल विस्तारका लागि उपलब्ध गराइसकेको छ । रन्वे निर्माण आगामी माघसम्म सक्ने गरी काम अघि बढेको मन्त्रालयले जनाएको छ ।रासस

# आवश्यकताअनुसार संविधान संशोधन हुन्छ : सभापति देउवा

काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले आवश्यकताअनुसार संविधान संशोधन गरिने बताउनुभएको छ ।

शुक्रबार यहाँस्थित सहिद स्मृति प्रतिष्ठानका संस्थापक अध्यक्ष स्वर्गीय ढुण्डीराज शास्त्रीको स्वर्गारोहणको ४५औँ दिनको स्मृतिमा आयोजित सङ्घीय लोकतान्त्रिक गणतन्त्र र वर्तमान संविधान विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै उहाँले संविधान बहुलवादमा आधारित रहेकाले बदलिँदो समयको मागअनुसार संशोधन गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "नेपालको संविधान बहुलवादमा आधारित छ । संविधान संशोधनका विषयमा अहिले सबै क्षेत्रबाट आवाज उठिरहेका छन् । राष्ट्रियसभाको सभापति र उपसभापतिलाई राख्नुपर्छ भन्ने धारणा छ । त्यसैले आवश्यकताअनुसार संविधान संशोधन हुन्छ ।"



सभापति देउवाले देशमा चुनावका बेला नेपाल कम्युनिष्ट पार्टीजस्ता दलहरू फरक देखिए पनि व्यवहार र तहमा सबै प्रजातान्त्रिक शक्तिहरूले सहकार्य गर्दै आएको जानकारी गराउनुभयो । सहिद स्मृति प्रतिष्ठानका संस्थापक अध्यक्ष स्वर्गीय शास्त्रीको कांग्रेस पार्टी देश र नागरिकका लागि निकै उल्लेख्य योगदान भएको भन्दै सभापति देउवाले उहाँको प्रशंसासमेत गर्नुभयो ।

त्यसैगरी कार्यक्रममा राष्ट्रियसभा संसदीय दलका नेता तथा पूर्वउपप्रधानमन्त्री कृष्णप्रसाद सिटौला, पूर्वउपसभापति विमलेन्द्र निधि तथा कांग्रेस नेता अर्जुननर सिंह केसीले अध्यक्ष स्व शास्त्रीले गर्नुभएका योगदानहरूको स्मरण गर्नुहुँदै उहाँको खुलेरै प्रशंसा गर्नुभएको थियो । शास्त्रीले जीवनभर कांग्रेसको सुदृढीकरण, लोकतान्त्रिक आन्दोलन तथा सामाजिक रुपान्तरणमा पुर्याएको योगदान उल्लेखनीय रहेको उहाँहरूको भनाइ थियो ।रासस

# राजनीतिमै सक्रिय भइ मुलुक र नागरिकको सेवामा समर्पित हुनेछुः पूर्वराष्ट्रपति भण्डारी

काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले आफ्नो मातृपार्टी नेपाल कम्युनिष्ट पार्टी (एमाले) रही मुलुक र नागरिकको सेवामा समर्पित हुने बताउनुभएको छ ।

शुक्रबार पत्रकार भेटघाटमा पूर्वराष्ट्रपति भण्डारीले आफूले जननेता मदन भण्डारीबाट एमालेको सदस्यता प्राप्त गरी शपथ लिएको उल्लेख गर्दै पार्टीको निर्णयबमोजिम राष्ट्रपतिबाट जिम्मेवारी पूरा गरी पुनः एमालेमा मै फर्किएको बताउनुभयो ।

"म राजनीति गरेरै राष्ट्रपति पदमा निर्वाचित भएकी हुँ र बाँकी जीवन पनि राजनीतिमा समर्पित गर्नेछु", उहाँले भन्नुभयो, "मलाई कुनै पदप्रति लालसा, महत्वाकाङ्क्षा र आशक्ति छैन, मैले राष्ट्रकै सर्वोच्च पदमा पुगेर इतिहासमा आफ्नो नाम लेखिसकेकी छु।"पूर्वराष्ट्रपतिभण्डारीलेआफूलाई पार्टी सदस्य हुनबाट वञ्चित गर्नुपर्ने कुनै कारण नभएको समेत बताउनुभयो । एमालेको हालै सम्पन्न नवौँ केन्द्रीय कमिटी बैठकले पूर्वराष्ट्रपति भण्डारीलाई सक्रिय राजनीतिमा फर्कन नमिल्ने भन्दै पार्टी सदस्यता नवीकरण नगर्ने निर्णय गरेको थियो। पूर्वराष्ट्रपति भण्डारीले मदन भण्डारीद्वारा प्रतिपादित जनताको बहुदलीय जनवाद (जबज) प्रति एमालेका नेता, कार्यकर्ता र जनसङ्गठनमा आबद्ध सबैको गहिरो आस्था, विश्वास र निष्ठाले नै आज पार्टीले सफलता हासिल गरेको बताउनुभयो ।

"पार्टीलाई वैचारिक रूपले थप सशक्त, साङ्गठनिक ढङ्गले अझ एकताबद्ध र सुदृढ बनाउनुपर्ने दायित्व हाम्रै हो । जननेता मदन भण्डारीको विचारलाई कार्यान्वयन गरेर मुलुकलाई समुन्नत बनाउन सकिन्छ", उहाँले भन्नुभयो ।रासस

# शून्य समयः 'सुक्खाग्रस्त घोषणा होइन, राहत देउ'

काठमाण्डु । सङ्घीय संसद् प्रतिनिधिसभाको शून्य समयमा सांसदहरूले हालै मन्त्रिपरिषद्को बैठकले मधेस प्रदेशलाई सुक्खाग्रस्त घोषणा गरेको विषयप्रति आफ्नो ध्यानाकर्षण भएको उल्लेख गर्दै पीडित किसानलाई तत्काल राहत उपलब्ध गराउन माग गर्नुभएको छ ।

सांसद जावेदा खातुन जागाले मधेस प्रदेशमा खानेपानीको हाहाकार, सिँचाइ अभाव, खेतबारी सुक्दै गएको बताउनुभयो । उहाँले सरकारबाट मधेसलाई विपद् सङ्कट क्षेत्र घोषणा गर्नु राम्रो कदम भएको र तत्काल राहत प्याकेजको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

सांसद जुलीकुमारी महतो महासेठले सरकारप्रति जनतामा आशा भए पनि राहत दिन ढिलो गर्न नहुने भन्दै समयमै मल, सिँचाइ र पिउने पानीको आपूर्ति सुनिश्चित गर्न माग गर्नुभयो ।सांसद डा अमरेशकुमार सिंहले व्यवस्थापकीय कमजोरीकै कारण जलस्रोत सम्पन्न देश नेपाल आज सुक्खा र खडेरीको चपेटामा परेको जिकिर गर्दै मधेसमा तत्काल राहत आवश्यक भएको धारणा राख्नुभयो ।

सांसद किरणकुमार साहले मधेसमा मल र पिउने पानी अभाव भएकाले सरकारले तत्काल समाधान गर्नुपर्ने बताउनुभयो ।



सांसद गङ्गाप्रसाद यादवले पनि मधेसको समस्याप्रति सरकार गम्भीर हुनपर्ने धारणा राख्नुभयो ।सांसद अमनलाल मोदीले भ्रष्टाचार र अनियमिततामा मुछिएका व्यक्तिहरूको विषयमा सरकार मौन रहेको र कुनै कारबाही नभएको भन्दै संसद्को जवाफदेहिता माथि प्रश्न गर्नुभयो । यसैगरी सांसद अम्मरबहादुर थापाले भीमसेन थापाको उदाहरण दिँदै राष्ट्रिय विभूतिलाई सरकारले उचित सम्मान दिन नसकेको धारणा राख्नुभयो ।

सांसद अम्मरबहादुर रायमाझीले थाइल्याण्ड र कम्बोडियाबीच देखिएको द्वन्द्वले त्यहाँ रहेका नेपाली नागरिकको सुरक्षामा असर पार्न सक्ने भन्दै सरकारले कूटनीतिक माध्यमबाट सुरक्षा सुनिश्चित गर्न विशेष पहल गर्नुपर्ने बताउनुभयो ।सांसद अर्जुन नरसिंहकेसीलेविपद्जोखिमन्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले झण्डै ४०० भन्दाबढी उच्च जोखिमयुक्त क्षेत्र पहिचान गरी बस्ती स्थानान्तरणको सिफारिस गरिसकेको हुँदा सरकारले यसलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । सांसद आश्माकुमारी चौधरीले वर्षायाममा पनि दाङमा वर्षा नहुनु र मलको अभावका कारण किसानहरू खडेरीको मारमा परेको भन्दै उनीहरूलाई क्षतिपूर्ति र मल उपलब्ध गराउन माग गर्नुभयो ।

सांसद उर्मिला थेबेले ताप्लेजुङको पाथिभरादेवी मन्दिरको दिगो विकास र व्यवस्थापन सङ्घीय सरकारले गर्नुपर्ने तथा यसलाई युनेस्कोको विश्वसम्पदा सूचीमा सुचिकृत गर्न प्रक्रिया अघि बढाउन आग्रह गर्नुभयो ।

सांसद उर्मिला माझीले लमजुङलगायत पहाडी तथा तराई जिल्लाका दलित तथा विपन्न समुदाय सार्वजनिक सेवाबाट वञ्चित रहेको र खानेपानीको अभाव झेलिरहेको उल्लेख गर्दै विशेष कार्यक्रम ल्याउन र विभेद गर्नेलाई कारबाही गर्नुपर्ने बताउनुभयो ।सांसद गोकुल बाँस्कोटाले पुनःनिर्माण कार्यमा ढिलासुस्ती नगर्न तथा सांसद डा चन्द्रकान्त भण्डारीले ट्याक्सी व्यवसायीलाई नम्बर प्लेटका लागि रु सात/आठ लाखसम्म शुल्क तिर्नुपरेको गुनासोबारे छानबिनको माग गर्नुभयो ।रासस

# छानबिन समितिको म्याद एक हप्ता थप

काठमाण्डु । सङ्घीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटी भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको म्याद एक हप्ता थपिएको छ । प्रतिनिधिसभाको शुक्रबारको बैठकले उक्त समितिको म्याद थपका लागि सहमति जनाएको हो ।

सभामुख देवराज घिमिरेले समितिबाट सात दिनको कार्यावधि थप गर्नका लागि माग भई आएको बताउनुभयो । सङ्घीय निजामती सेवा विधेयक, २०८० माथिको राज्य व्यवस्था समितिको प्रतिवेदनमा त्रुटी भएको भन्ने सम्बन्धमा अध्ययन तथा छानबिन गर्नका लागि गत असार २३ गते प्रतिनिधिसभाद्वारा विशेष समिति गठन भएको थियो । उक्त विधेयकलाई राज्य व्यवस्था समितिबाट प्रतिनिधिसभामा पठाउदा अवकाश प्राप्त निजामती कर्मचारीको 'कुलिङ पिरियड'सम्बन्धी व्यवस्थामा छेडखानी भएको विषयमा अध्ययन तथा छानबिनको लागि उक्त विशेष समिति गठन भएको थियो ।

त्यस्तै, प्रतिनिधिसभाको शुक्रबारको बैठकले संसदीय समितिका सदस्यहरुको जिम्मेवारी हेरफेर गरेको छ । यसअघि कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा रहेका दिक्पालकुमार शाहीलाई महिला तथा सामाजिक मामिला समितिमा पठाइएको छ । सांसद विष्णुकुमार कार्की कृषि समितिबाट पूर्वाधार विकास समितिमा, प्रतिमा गौतमलाई पूर्वाधार समितिबाट कृषि समितिमा र आशा विकलाई महिला तथा सामाजिक मामिला समितिबाट कृषि समितिको जिम्मेवारी दिइएको छ । संसदीय समितिका सदस्यहरुको जिम्मेवार हेरफेर गर्ने प्रस्तावलाई आजको सभाले सहमति जनाएको छ ।

यस्तै, सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ चीनको सङ्घाईमा आयोजना हुने 'कृत्रिम बौद्धिकता सम्मेलन-२०२५' मा भाग लिनका लागि बिहीबार त्यसतर्फ प्रस्थान गर्नुभएकाले उक्त मन्त्रालयको जिम्मेवारी उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई तोकिएको छ । उक्त कार्यभार तोकिएको विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आज सदनलाई जानकारी गराएको हो ।रासस

# कम्बोडियासँग युद्ध हुनसक्ने थाइल्यान्डको चेतावनी

**एएफपी**

सुरिन ।दुवै देशले दोस्रो दिन घातक आक्रमणहरू गरिरहेको बेला थाइल्यान्डका कार्यवाहक प्रधानमन्त्री फुमथाम वेचाचाइले शुक्रबार कम्बोडियासँगको सीमापार झडपले एक लाख ३० हजारभन्दा बढी मानिसलाई विस्थापित गरेको भन्दै यो झडप 'युद्धमा परिणत' हुनसक्ने चेतावनी दिनुभएको छ।

लामो समयदेखि चलिरहेको सीमा विवाद बिहीबार जेट, तोपखाना, ट्याङ्क र स्थल सैनिकहरूसहित तीव्र लडाइँमा परिणत भएको छ र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले शुक्रबार पछि यस सङ्कटमा आपत्कालीन बैठक गर्ने तयारी गरेको छ ।सीमाको कम्बोडियाली पक्षबाट लगातार तोप आक्रमणको आवाज सुन्न सकिन्छ । त्यहाँ ओड्डर मिन्चे प्रान्तले एक ७० वर्षीय नागरिक मारिएको र पाँच जना घाइते भएको रिपोर्ट गरेको छ।

थाइल्यान्डको सीमावर्ती क्षेत्रहरूबाट एक लाख ३८ हजारभन्दा बढी मानिसलाई बाहिर निकालिएको छ। त्यहाँको स्वास्थ्य मन्त्रालयले १४ नागरिक र एक सैनिकसहित १५ जनाको मृत्यु भएको र १५ सैनिकसहित ४६ जना घाइते भएको बताएको छ। "हामीले छिमेकी भएकाले सम्झौता गर्ने प्रयास गरेका छौं, तर अब हामीले थाई सेनालाई जरुरी अवस्थामा तुरुन्तै कार्य गर्न निर्देशन दिएका छौं", वेचाचाइले बैङ्ककमा पत्रकार हरूलाई भन्नुभयो, "यदि स्थिति बढ्यो भने यो युद्धमा परिणत हुनसक्छ, यद्यपि अहिलेका लागि यो झडपमा मात्र सीमित छ।"

सीमाबाट २० किलोमिटर (१२ माइल) टाढा रहेको कम्बोडियाको सहर सामराङमा एएफपीका पत्रकार हरूले गोली चल्दा परिवारहरू आफ्ना छोराछोरी र सामानहरू लिएर गाडीमा द्रुत गतिमा भागेको देखेका छन् ।"म सीमा नजिकै



बस्छु। हामी डराएका छौं किनभने उनीहरूले बिहान ६:०० बजे फेरि गोली चलाउन थाले", ४१ वर्षीय प्रो बाकले भन्नुभयो।

उहाँले आफ्नी श्रीमती र बच्चाहरूलाई शरण खोज्न बौद्ध मन्दिरमा लैजाँदै हुनुहुन्थ्यो। "हामी कहिले घर फर्कन सक्छौं मलाई थाहा छैन", उहाँले भन्नुभयो।

एएफपीका पत्रकारहरूले पनि सैनिकहरू रकेट लन्चरहरू चलाउन र सीमातिर द्रुत गतिमा दौडिरहेको देखे ।मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले आफूले बिहीबार दुवै देशका नेताहरूसँग वार्ता गरेको र युद्धविराम र संवादको आह्वान गरेको बताउनुभयो । मलेसियाले हाल क्षेत्रीय समूह आसियानको अध्यक्षता गरिरहेको छ।

"म बैङ्कक र नोम पेन्ह दुवैले यो अगाडिको बाटो विचार गर्न देखाएको सकारात्मक सङ्केत र इच्छाशक्तिको स्वागत गर्छु", उहाँले बिहीबार साँझ फेसबुक पोस्टमा भन्नुभयो ।तर अनवरको आशावादका बावजुद थाई सेनाले शुक्रबार बिहान ४:०० बजे (२१०० जिएमटी बिहीबार) तीन क्षेत्रमा लडाइँ पुनः सुरु भएको बताएको छ। कम्बोडियाली सेनाले भारी हतियार, फिल्ड आर्टिलरी र बिएम-२१ रकेट प्रणालीले बमबारी गरेको बताएको छ। थाई सेनाले 'उचित सहायक फायर' का साथ जवाफ दिएको बताएको छ।

### शान्तिका लागि आव्हान

यो लडाइँले छिमेकी देशहरूबीचको साझा आठ सय किलोमिटर (पाँच सय माइल) सीमालाई लिएर लामो समयदेखि चलिरहेको विवादमा नाटकीय वृद्धि भएको छ । दुवै मुलुकको साझा सीमामा लाखौं विदेशी पर्यटकका लागि लोकप्रिय गन्तव्यहरू छन्।

धेरै क्षेत्रमा दर्जनौं किलोमिटर विवादित छ । सन् २००८ र सन् २०११ को बीचमा लडाइँ सुरु हुँदा कम्तीमा २८ जनाको मृत्यु भएको थियो भने हजारौं विस्थापित भएका थिए।

सन् २०१३ मा संयुक्त राष्ट्रसङ्घको अदालतले एक दशकभन्दा बढी समयका लागि यो मुद्दा सुल्झाएको थियो, तर हालको सङ्कट मे महिनामा नयाँ झडपमा एक कम्बोडियाली सैनिक मारिएपछि सुरु भयो। थ ा इ ं सेनाका अनुसार बिहीबारको लडाइँ दुई प्राचीन मन्दिरसहित छवटा स्थानमा केन्द्रित थियो।

ट्याङ्कहरूद्वारा सुसज्जित स्थल सेनाहरूले क्षेत्रको नियन्त्रणका लागि लडाइँ गरे भने कम्बोडियाले थाइल्यान्डमा रकेट र गोलाहरू प्रहार गर्‍यो र थाईहरूले सीमापारका सैन्य लक्ष्यहरूमा प्रहार गर्न एफ-१६ जेटहरू उडाए ।दुवै पक्षले पहिले गोली चलाएकोमा एकअर्कालाई दोष दिएका छन् । थाइल्यान्डले कम्बोडियालाई गोला प्रहार गरेको अस्पताल र कम्तीमा एउटा रकेटले प्रहार गरेको पेट्रोल स्टेसनसहित नागरिक पूर्वाधारलाई लक्षित गरेको आरोप लगाएको छ।

थाइल्यान्डले कम्बोडियाली राजदूतलाई निष्कासन गरेको र थाई सैन्य गस्तीका पाँच सदस्य बारुदी सुरुङमा घाइते भएपछि आफ्नै दूतलाई फिर्ता बोलाएको केही घण्टापछि बिहीबारको झडप भएको थियो ।कम्बोडियाले बिहीबार सम्बन्धलाई 'निम्नतम स्तर' मा घटायो, एक बाहेक आफ्ना सबै कूटनीतिज्ञलाई फिर्ता बोलायो र नोम पेन्हबाट उनीहरूका थाई समकक्षहरूलाई निष्कासन गर्‍यो।

कम्बोडियाका प्रधानमन्त्री हुन मानेटको अनुरोधमा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले घातक झडपहरूबारे छलफल गर्न शुक्रबार आपत्कालीन बैठक आयोजना गर्ने कूटनीतिक स्रोतहरूले बताएका छन्।

संयुक्त राज्य अमेरिकाले द्वन्द्वको 'तत्काल' अन्त्य गर्न आग्रह गरेको छ भने कम्बोडियाको पूर्व औपनिवेशिक शासक फ्रान्सले पनि यस्तै आह्वान गरेको छ ।नोम पेन्हको निकट सहयोगी युरोपेली सङ्घ (इयु) र चीनले वार्ताको आह्वान गर्दै द्वन्द्वबारे 'गहिरो चिन्ता' व्यक्त गरेका छन्।

# संयुक्त राष्ट्रसंघको प्रतिबन्धको चेतावनीबीच इरानले युरोपेली शक्तिसँग भेट गर्ने

**एएफपी**

इस्तानबुल ।सन् २०१५ को सम्झौताअन्तर्गत तीन युरोपेली शक्ति राष्ट्रले प्रतिबन्ध पुनः सक्रिय गर्ने (स्न्यापब्याक) संयन्त्र प्रयोग गर्नसक्ने चेतावनीका बीच इरानी कूटनीतिज्ञहरूले शुक्रबार जर्मनी, बेलायत र फ्रान्सका समकक्षीसँग नयाँ आणविक वार्ताका लागि भेटवार्ता गर्ने भएका छन्।

स्न्यापब्याक संयन्त्रले इरानविरुद्ध सबै अन्तर्राष्ट्रिय प्रतिबन्धहरू पुनः लागू गर्न अनुमति दिन्छ।

इजरायलले इरानमाथि गत जुनको मध्यमा गरेको आक्रमणपछि इस्तानबुलमा हुन लागेको इरानको यो पहिलो बैठक हो । इजरायली आक्रमणका कारण इजरायल- इरानबचि १२ दिनसम्म युद्ध भएको थियो । जसमा इजरायलले यरानका प्रमुख आणविक तथा सैन्य स्थलहरूलाई निशाना बनाएको थियो। इजरायलको आक्रमणले शीर्ष कमाण्डर, आणविक वैज्ञानिक र अन्य सयौंको ज्यान लिएको थियो भने आवासीय क्षेत्रमा पनि आक्रमण भएको थियो र यसले अप्रिलमा सुरु भएको अमेरिका-इरान आणविक वार्तालाई पनि बिथोलेको थियो।

त्यसयता युरोपेली शक्तिहरूले सन् २०१५ को आणविक सम्झौताअन्तर्गत अगष्टको अन्त्यसम्ममा इरानमाथि संयुक्त राष्ट्रसङ्घको प्रतिबन्ध लाई पुनर्स्थापित गर्ने 'प्रतिवन्ध पुनः प्रयोग गर्ने संयन्त्र'सुरु गर्ने चेतावनी दिँदै आएका छन् ।प्रतिवन्ध पुनः प्रयोग गर्ने संयन्त्र' सुरु गर्ने विकल्प अक्टोबरमा समाप्त हुन्छ । तेहरानले इ-थ्रीले यसलाई सक्रिय गर्ने विकल्पमा गएमा त्यसबाट आइपर्ने परिणामहरूको जिम्मेवारी इयूले लिनुपर्ने चेतावनी दिएको छ।

"ई-थ्रीद्वारा निष्क्रियता एक विकल्प होइन", एक युरोपेली स्रोतले भनेको छ, "बैठकको क्रममा तेहरानलाई प्रतिवन्ध पुनः प्रयोग गर्ने संयन्त्र शरद्याममा बन्द हुने जानकारी गराइनेछ।" स्रोतका अनुसार युरोपेलीहरूले 'वार्ताबाट समाधानको अभावमा' संयन्त्रलाई लागू गर्ने तयारी गरिरहेका छन् र इरानलाई युरेनियम संवर्द्धन र संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी निकायसँग सहयोग पुनः सुरु गर्ने सम्बन्धमा 'स्पष्ट सङ्केत' गर्न आह्वान गरेका छन्।

इरानका उपविदेशमन्त्री काजेम घारिबाबादी र वरिष्ठ इरानी कूटनीतिज्ञ माजिद तख्त-रावन्चीले यसै साता प्रतिबन्ध लगाउनु 'पूर्णतया गैरकानुनी' भएको चेतावनी दिएका थिए । उनीहरूले सन् २०१८ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पहिलो कार्यकालमा अमेरिका एकतर्फी रुपमा पछि हटेपछि युरोपेली शक्तिहरुले सम्झौताप्रतिको आफ्नो प्रतिबद्धता



रोकेको आरोप पनि लगाए। "हामीले उनीहरूलाई जोखिमबारे सचेत गराएका छौं, तर हामी अझै पनि स्थिति व्यवस्थापनका लागि साझा आधार खोजिरहेका छौं,' घारीबादीले भने।

### प्रतिबन्ध

इरानी कूटनीतिज्ञहरूले यसअघि संयुक्त राष्ट्रसङ्घको प्रतिबन्ध पुनः लागू गरिएमा तेहरान आणविक अप्रसार सन्धिबाट पछि हट्न सक्ने चेतावनी दिँदै आएका थिए। प्रतिबन्धहरू पुनर्स्थापित गर्दा इरानको अन्तर्राष्ट्रिय अलगाव अझ गहिरो हुनेछ र पहिलेदेखि नै तनावमा रहेको इरानको अर्थव्यवस्थामा थप दबाब पर्नेछ।

इजरायली विदेशमन्त्री गिदोन सारले युरोपेली शक्तिराष्ट्रहरूलाई यो संयन्त्रलाई गति दिन आग्रह गर्नुभएको छ। तेहरान र वासिङ्टनबीच छैटौं चरणको आणविक वार्ता हुनुभन्दा दुई दिनअघि जुन १३ मा इजरायलले इरानमाथि आक्रमण गरेको थियो। गत जुन २२ मा अमेरिकाले फोर्डो, इस्फाहान र नातान्जमा रहेको इरानी आणविक केन्द्रमा आक्रमण गरेको थियो।

युद्धअघि, वासिङ्टन र तेहरान युरेनियम संवर्द्धनको विषयमा विभाजित थिए, जसलाई इरानले 'गैर-सम्झौतायोग्य' अधिकारको रूपमा वर्णन गरेको छ, जबकि संयुक्त राज्य अमेरिकाले यसलाई 'मुख्य शर्त' भनेको छ।अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका अनुसार इरानले युरेनियमलाई ६० प्रतिशत शुद्धतामा संवर्द्धित गरिरहेको छ, जुन सन् २०१५ को सम्झौताअन्तर्गत ३.६७ प्रतिशतको सीमाभन्दा धेरै माथि छ।

तेहरानले युरेनियम संवर्द्धनको दर र स्तरबारे छलफल गर्न आफू तयार रहेको तर युरेनियम संवर्द्धन गर्ने अधिकारबारे छलफल गर्न तयार नरहेको बताएको छ।आणविक सम्झौताबाट अमेरिका पछि हटेको एक वर्षपछि इरानले आफ्नो प्रतिबद्धता फिर्ता लिन थाल्यो । सम्झौताले प्रतिबन्ध राहतको बदलामा आफ्नो आणविक गतिविधिमा प्रतिबन्ध सहेको थियो।इजरायल र पश्चिमा शक्तिहरूले इरानले आणविक अस्त्रको पछि लागेको आरोप लगाउँदै आएका छन्।

### राष्ट्रिय गौरव

इरानका विदेशमन्त्री अब्बास अराघचीले आणविक कार्यक्रमलाई 'राष्ट्रिय गौरवको स्रोत' भन्नुभएको छ। "विशेष गरी हालैको युद्धपछि, उनीहरूले यो बुझ्नु महत्त्वपूर्ण छ कि इस्लामिक रिपब्लिक अफ इरानको स्थिति अस्थिर छ, र हाम्रो युरेनियम संवर्द्धन जारी रहनेछ। हामी इरानी जनताको यो अधिकार त्याग्ने छैनौं," इस्तानबुल वार्ताको पूर्वसन्ध्यामा अराघचीले भन्नुभयो।

अमेरिकी हवाइ आक्रमणबाट इरानी युरेनियम भण्डारण केन्द्रहरूमा बम विष्फोटमा कति क्षति भयो भन्ने अझै स्पष्ट हुन सकेको छैन । ट्रम्पले ती स्थलहरू 'पूर्ण रूपमा नष्ट' भएको दाबी गर्नुभएको छ। अमेरिकी सञ्चार माध्यमहरूले विनाशको मात्रामाथि शङ्का व्यक्त गरेका छन्।अमेरिका र इजरायलको आक्रमणका कारण आणविक स्थलमा 'व्यापक र गम्भीर' क्षति पुगेका कारण अहिले संवर्द्धन बन्द भएको अराघचीले उल्लेख गर्नुभएको छ। इरानले आइएइएसँगको सहकार्यलाई पूर्वाग्रही भन्दै १२ दिनसम्म चलेको आक्रमणको निन्दा गर्न असफल भएको आरोप लगाएको छ।

त्यसपछि निरीक्षकहरूले देश छोडेका छन्, तर इरानले भविष्यमा सहयोगले 'नयाँ रूप' लिने बताएपछि आगामी हप्ताहरूमा एक प्राविधिक टोली फर्कने अपेक्षा गरिएको छायदि इरानले सुविधाहरू पुनर्निर्माण गरेमा वा हतियार क्षमतातर्फ अघि बढेमा उसले फेरि आक्रमण गर्न सक्ने चेतावनी इजरायलले दिएको छ। इरानले भविष्यमा हुने कुनै पनि आक्रमणको कडा प्रतिकार गर्ने प्रतिबद्धता जनाएको छ।

# भारत र बेलायतबीच विस्तृत आर्थिक तथा व्यापार सम्झौता (सिइटीए) मा हस्ताक्षर

**एएनआई**

लण्डन । भारत र बेलायतबीच विगत तीन वर्षदेखि जारी प्रयासपछि बिहीबार बृहत् आर्थिक तथा व्यापार सम्झौता (सिइटिए) मा हस्ताक्षर भएको छ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको प्रधानमन्त्रीका रुपमा चौथो बेलायत भ्रमणका क्रममा यो सम्झौतामा हस्ताक्षर भएको छ। "यो सम्झौता आर्थिक साझेदारी मात्र होइन, साझा समृद्धिको योजना पनि हो," सम्झौतापछि प्रधानमन्त्री नरेन्द्र मोदीले गरेको ट्वीटमा उल्लेख छ। "सम्झौताबाट भारतीय टेक्सटाइल, फुटवेयर, जेम्स एन्ड ज्वेलरी, सीफुड र इन्जिनियरिङ उत्पादनले बेलायतमा राम्रो पहुँच पाउनेछन् । भारतको कृषि उत्पादन र प्रशोधित खाद्य उद्योगका लागि बेलायती बजारमा राम्रो अवसर हुनेछ," प्रधानमन्त्री मोदीले भन्नुभएको छ।

उहाँले भन्नुभयो, "यो सम्झौता विशेष गरी भारतका किसान, मछुआरा र एमएसएमई क्षेत्रका लागि लाभदायक साबित हुनेछ । त्यसैगरी चिकित्सा उपकरण र एयरोस्पेस पाट्र्सजस्ता बेलायतमा निर्मित उत्पादनहरू भारतका जनता र उद्योगका लागि पहुँचयोग्य र किफायती हुनेछन्।" बेलायतका केही विपक्षी नेताहरूले यो सम्झौताले भारतीय कामदारहरूको लागि राष्ट्रिय बीमा योगदानमा छूट एक वर्षबाट बढाएर तीन वर्ष पुर्‍याउँदा बेलायती कामदारहरूलाई असर पर्न सक्ने चेतावनी दिएका छन्।

सन् २०२० को ब्रेक्जिटपछि



बेलायतले अन्य कुनै पनि देशसँग गरेको यो सबैभन्दा ठूलो व्यापार सम्झौता भएको बताइएको छ । भारत र बेलायतका वाणिज्यमन्त्री पियुष गोयल र जोनाथन रेनोल्ड्स यो सम्झौताले बेलायतको अर्थतन्त्रमा वार्षिक ४.८ अर्ब पाउन्ड (६.५ अर्ब अमेरिकी डलर) को योगदान गर्ने बेलायती सरकारले जनाएको छ। बेलायतले आफ्नो कुल निर्यातको १.९ प्रतिशत भारत निर्यात गर्छ भने कुल आयातको १.८ प्रतिशत आयात गर्छ ।सम्झौता कार्यान्वयनपछि यो कारोबार बढ्ने अपेक्षा गरिएको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०३० सम्ममा निर्यात बढाएर १० खर्ब अमेरिकी डलर पुर्‍याउने महत्वकाङ्क्षी लक्ष्य राख्नुभएको छ। सन् २०२२ मा बेलायतका पूर्वप्रधानमन्त्री बोरिस जोनसनको नेतृत्वमा व्यापार सम्झौताका लागि वार्ता सुरु भएको थियो। यसले दुई देशबीच अर्बौं रुपैयाँ बराबरको व्यापार बढ्ने दुवै पक्षको दाबी छ।

### सम्झौता दुबै मुलुकका लागि कोशेढुङ्गा

बेलायतको परम्परागत ह्विस्की र अन्य मदिरामा भारतमा कर आधा घट्ने बेलायतबाट निर्यात हुने सामानमा औसत शुल्क १५ प्रतिशतबाट घटाएर तीन प्रतिशतमा झारिने छ, जसले गर्दा बेलायती कम्पनीहरुलाई भारतमा सामान बेच्न सजिलो हुनेछ।

भारतले बेलायतबाट आयात हुने ह्विस्कीको भन्सार दर १५० प्रतिशतबाट घटाएर ७५ प्रतिशतमा झारेको छ । यसले बेलायतलाई भारतीय बजारमा पहुँचको हिसाबले अन्तर्राष्ट्रिय प्रतिस्पर्धीहरूभन्दा तत्काल फाइदा दिनेछ। यो शुल्क सन् २०३५ सम्ममा ४० प्रतिशतमा झार्ने प्रस्ताव गरिएको छ।

कार, एयरोस्पेस, विद्युतीय तथा मेडिकल सामान, ह्विस्की र मासु, बिस्कुट, चकलेटजस्ता खाद्य वस्तुहरू भारतमा सस्ता हुनेछन् भने भारतीय टेक्सटाइल र गहनाहरू पनि बेलायतमा सस्ता हुनेछन्।

सम्झौताअनुसार अस्थायी रूपमा बेलायत जाने भारतीय कामदार र भारतमा अस्थायी रूपमा काम गर्ने बेलायती कामदारले आफ्नो देशमा मात्र सामाजिक सुरक्षा योगदान गर्नुपर्नेछ। बेलायतका व्यापारमन्त्री जोनाथन रेनोल्ड्सले सस्तो भारतीय व्यवसायीका कारण बेलायती कामदारलाई घाटा हुने आशंकालाई अस्वीकार गर्नुभएको छ।

उहाँले भन्नुभयो, "कुनै पनि कर लाभ त्यस्तो छैन जसले भारतीय कामदारलाई बेलायती कामदारभन्दा सस्तो बनाउँछ ।"यसैबीच, दुई देशले भारत र बेलायतमा एकअर्काको लगानीको सुरक्षा गर्ने उद्देश्यले द्विपक्षीय लगानी सन्धिका लागि वार्ता गरेका छन् । यसका साथै दुवै देशले उच्च कार्बन युक्त उद्योगमा कर लगाउने बेलायतको प्रस्तावित योजनाबारे पनि छलफल गरेका छन् । यो करले बेलायतको निर्यातमा असर पार्न सके भारतको विश्वास छ।

बेलायतको परम्परागत ह्विस्की र अन्य मदिरामा भारतमा कर आधा घट्ने बेलायतबाट निर्यात हुने सामानमा औसत शुल्क १५ प्रतिशतबाट घटाएर ३ प्रतिशतमा झारिने छ, जसले गर्दा बेलायती कम्पनीहरुलाई भारतमा सामान बेच्न सजिलो हुनेछ । भारतले बेलायतबाट आयात हुने ह्विस्कीको भन्सार दर १५० प्रतिशतबाट घटाएर ७५ प्रतिशतमा झारेको छ । यसले बेलायतलाई भारतीय बजारमा पहुँचको हिसाबले अन्तर्राष्ट्रिय प्रतिस्पर्धीहरूभन्दा तत्काल फाइदा दिनेछ।

यो शुल्क सन् २०३५ सम्ममा ४० प्रतिशतमा झार्ने प्रस्ताव गरिएको छ। कार, एयर ोस्पेस, विद्युतीय तथा मेडिकल सामान, ह्विस्की, मासु, बिस्कुट, चकलेटजस्ता खाद्य वस्तुहरू भारतमा सस्ता हुनेछन् भने भारतीय टेक्सटाइल र गहनाहरू पनि बेलायतमा सस्ता हुनेछन्।

स्टार्मरका अनुसार यो सम्झौताले बेलायतमा दुई हजार २०० भन्दा बढी रोजगारी सिर्जना गर्नेछ। सम्झौताअनुसार अस्थायी रूपमा बेलायत जाने भारतीय कामदार र भारतमा अस्थायी रूपमा काम गर्ने बेलायती कामदारले आफ्नो देशमा मात्र सामाजिक सुरक्षा योगदान गर्नुपर्नेछ ।बेलायत सरकारले युरोपेली संघ, अमेरिका र दक्षिण कोरियासहित अन्य १७ देशसँग पनि यस्तै द्विपक्षीय योगदान सम्मेलन (डबल कन्ट्रिब्युसन कन्भेन्सन) को व्यवस्था पहिलेदेखि नै रहेको स्पष्ट पारेको छ।

# पुटिनसँगको सम्भावित भेटबारे छलफल गर्न थालेको जेलेन्स्कीको भनाइ

**एएफपी**

किएभ । इस्तानबुलमा यसै साता हुने वार्ताका लागि मस्को र किएभका वार्ताकारबीच छलफल भएको छ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र रुसी समकक्षी भ्लादिमिर पुटिनबीच भेटवार्ताको सम्भावनाबारे छलफल भएको युक्रेनी प्रतिनिधिमण्डललाई उद्धृत गर्दै जेलेन्स्कीले शुक्रबार एक विज्ञप्ति जारी गरी बताउनुभएको हो । युक्रेनले दुई नेताबीच बैठकका लागि दबाब दिइरहेको छ र युद्धरत पक्षहरूलाई सम्झौता गर्न दबाब दिइरहेका डोनाल्ड ट्रम्पले पनि बैठकमा भाग लिन सक्ने आशा व्यक्त गरेको छापुटिनले आफू जेलेन्स्कीलाई भेट्न तयार रहेको तर तीन वर्षदेखि जारी युद्ध अन्त्यका लागि वार्ताको अन्तिम चरणमा मात्र भएको बताउनुभएको छ।

जेलेन्स्कीले एएफपीलगायत पत्रकारसँग भन्नुभयो, "हामीलाई युद्धको अन्त्य आवश्यक छ, जुन सम्भवतः नेताहरूको बैठकबाट सुरु हुन्छ।"उहाँले भन्नुभयो, "हामीसँगको वार्तामा उहाँहरुले यस विषयमा छलफल गर्न थाल्नुभएको छ। यो कुनै न कुनै प्रकारको बैठकको ढाँचातर्फ अघि बढिसकेको छ।" बुधबार इस्तानबुलमा भएको नयाँ चरणको वार्तामा युक्रेनका प्रमुख वार्ताकार रुस्तम उमरोभले अगष्टको अन्त्यअघि वार्ता गर्ने प्रस्ताव गर्नुभएको थियो।

अमेरिकी राष्ट्रपति ट्रम्पले यसै महिनाको सुरुमा रुसलाई युक्रेनसँग शान्ति सम्झौता गर्न



वा व्यापक प्रतिबन्धको सामना गर्न ५० दिनको समय दिनुभएको थियो । यद्यपि, रुसी वार्ताकार भ्लादिमिर मेदिन्स्कीले आसन्न बैठकको सम्भावनालाई कम महत्व दिनुभएको छ। "बैठकको तयारी राम्रोसँग हुनुपर्छ। त्यसपछि मात्र यसको अर्थ हुन्छ," मेदिन्स्कीलाई उद्धृत गर्दै रुसी सरकारी समाचार संस्था तासले जनाएको छ।

### प्याट्रिअट्स र ड्रोन खरिदका लागि सम्झौता

द्वन्द्व अन्त्यका लागि भएको वार्ताले अहिलेसम्म केही परिणाम दिन सकेको छैन। युक्रेनले रुसले निर्णय गर्ने कुनै वास्तविक शक्ति नभएको तल्लो तहका अधिकारी पठाएको आरोप लगाएको छ भने दुवै पक्षको अडानमा आमूल परिवर्तन आएको छैन ।रुसले युक्रेनलाई सेप्टेम्बर २०२२ मा मस्कोले कब्जा गरेको दाबी गरेका चार युक्रेनी क्षेत्रहरूबाट प्रभावकारी रूपमा पछि हट्न आग्रह गरेको छायुक्रेनले युद्धविराम पछिसम्म कुनै पनि क्षेत्रमा वार्ता गर्न अस्वीकार गरेको छ र क्रिमियासहित कब्जा गरिएको क्षेत्रमाथि रुसको दावीलाई मान्यता नदिने बताएको छ।

जेलेन्स्कीका अनुसार रुसले कुनै ठूलो सफलता बिना अझै पनि मोर्चाका धेरै भागमा अगाडि बढ्ने प्रयास गरिरहेको छायुक्रेनले आफ्ना सैनिकका लागि हतियार पठाउन र युक्रेनी शहरहरूमा दैनिक रुसी आक्रमणको सामना गर्न आफ्ना पश्चिमी समर्थकहरूसँग आग्रह गर्दै आएको छाजेलेन्स्कीले युरोपेली देशहरूलाई अमेरिकी हतियार खरिद गर्न र किएभलाई दिन अनुमति दिने सम्झौताको एक भागको रूपमा आफ्नो देशले १० प्याट्रियट हवाई रक्षा प्रणालीका लागि कोष सुरक्षित गर्न काम गरिरहेको बताउनुभएको छ।

"संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिले यी प्रणालीहरू हस्तान्तरण गर्नेछन्, हामीलाई बेच्नेछन्। हाम्रो काम सबै १० प्रणालीका लागि कोषको जमघट गर्नु हो," जेलेन्स्कीले भन्नुभयो। युक्रेनले जर्मनीबाट दुई र नर्वेबाट एक गरी तीन वटा प्रणालीका लागि रकम सुरक्षित गरिसकेको उहाँले बताउनुभयो । जेलेन्स्कीले वासिङ्टन र किएभले युक्रेनलाई संयुक्त राज्य अमेरिकालाई ड्रोन उपलब्ध गराउन १० देखि ३० अर्ब डलरको सम्झौतामा सहमत भएको पनि बताउनुभयो।

# देश चौतर्फी विकासको गतिमा, राजनीतिक अस्थिरताको अन्त्य

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल अहिले चौतर्फी विकासको बाटोमा अगाडि बढिरहेको दाबी गरेका छन् ।

बारामा शुक्रबार आयोजित एक कार्यक्रममा बोल्दै उनले पूर्वाधार, सडक, खानेपानी, शिक्षा र स्वास्थ्यलगायतका अनेक क्षेत्रमा देशले प्रगति गरिरहेको बताए ।

प्रधानमन्त्री ओलीले यस विकासको गतिलाई अझ तीव्र बनाउन सरकारले नीतिगत प्रयास गरिरहेको उल्लेख गरे। आफू पहिलो पटक प्रधानमन्त्री हुँदा हुलाकी राजमार्गको काम प्रारम्भ गराएको स्मरण गर्दै अहिले यसको निर्माण कार्य द्रुतगतिमा अगाडि बढेको बताए। केही स्थानमा प्राविधिक कारणले काममा ढिलाइ भएको स्वीकार गर्दै त्यसमा ध्यान दिनुपर्ने आवश्यकता पनि उनले औंल्याए ।

यतिखेर मेचीबाट हुलाकी राजमार्ग हुँदै महाकाली पुग्ने थियौं भन्दै उनले राजमार्गलाई पूर्वदेखि पश्चिमसम्म अविच्छिन्न




राजमार्गको रूपमा अगाडि बढाउने र १०/१२ वटा स्मार्ट सिटी स्थापना गर्ने गरी सरकार अघि बढेको बताए ।

प्रधानमन्त्री ओलीले बारा जिल्लालाई माछाको सुपर जोनको रूपमा घोषणा गरिएको दाबी गर्दै यसले किसानको आम्दानी चार गुणाले बढेको बताए । उनले नेपालको आवश्यकतालाई परिपूर्ति गर्दै कृषिमा आधुनिकीकरण तीव्र गतिमा बढेको र यसबाट ठूलो मात्रामा उत्पादन गरी त्यसलाई बजारसम्म पुऱ्याएर नयाँ नेपाल निर्माणको बाटोमा विकसित बनाउने लक्ष्य रहेको बताए ।

एक वर्षभित्र अल्पविकसित देशबाट विकसित देशमा स्तरोन्नति हुँदैछ भन्दै उनले केही पनि भएको छैन भन्नु गलत हो, केही काम बाँकी छ भन्ने धारणा व्यक्त गरे ।

प्रधानमन्त्रीले राजनीतिक अस्थिरतालाई ठूलो समस्याका रूपमा औंल्याउँदै पार्टीहरूलाई काम गर्न नदिने, तोडफोड गर्ने र सरकार तथा प्रतिपक्षको यथार्थ भूमिकामा बस्न नचाहने प्रवृत्ति देखिएको बताए । नेपाल अशान्त देशका रूपमा सधैं समस्या नै समस्याले घेरिएको जस्तो बनेको थियो भन्दै उनले यो स्थितिको अन्त्य भएको बताए। नेपाली जनतामा बढेको चेतनाका लागि उनले धन्यवाद व्यक्त गरे ।

नेकपा (एमाले) र नेपाली कांग्रेस मिलेर सात बुँदे सम्झौता गरी अन्य पार्टीहरूलाई पनि समेटेर संयुक्त सरकार बनेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले अस्थिरताको अन्त्य गर्ने र स्थिरता तथा स्थायित्वमा देशलाई लगेर विकास गर्ने लक्ष्यका साथ सरकार अगाडि बढेको बताए ।

# आन्दोलनकारीको मुद्दा फिर्ता लिन अध्यक्ष ठाकुरको आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले मधेश आन्दोलनका आन्दोलनकारीलाई राज्यले झुटा मुद्दामा फसाएर दुःख दिएको बताएका छन् ।

मटिहानीमा शुक्रबार अध्यक्ष ठाकुरले देशमा भएको राजनीतिक परिवर्तन आन्दोलनहरुका उपलब्धि रहेको भन्दै मधेश आन्दोलनमा लागेका महोत्तरीका चार जना नेतालाई लगाइएको झुटा मुद्दा फिर्ता लिन प्रधानमन्त्री केपी शर्मा ओलीलाई आग्रह गरे ।

महोत्तरीको मटिहानीमा बिग्ही पुल र प्रसूति गृह उद्घाटनपछि आयोजित समारोहमा सहभागी



प्रधानमन्त्री ओलीलाई सुनाउँदै लोसपा अध्यक्ष ठाकुरले मधेश आन्दोलनका आन्दोलनकारीलाई फसाएर जन्मकैदको फैसला भएको र कतिपयलाई जेलमा बन्द गरिएकोले सरकारले उनीहरुमाथि लगाएको झुटा मुद्दा फिर्ता लिनुपर्ने बताए ।

ओली सरकारकै नेतृत्वमा ३ वर्ष कैद र १० लाख रुपैयाँ जरिवाना भएको मधेश आन्दोलनका आन्दोलनकारीको मुद्दा फिर्ता लिएको उल्लेख गर्दै उनले बाँकी मुद्दासमेत फिर्ता लिन प्रधानमन्त्री ओलीलाई आग्रह गरे ।

अध्यक्ष ठाकुरले लोसपाका प्रदेश सांसद अभिराम शर्मा, जलेश्वर नगरपालिकाका पूर्वमेयर रामशंकर मिश्र, लोसपाका नेताहरु सुरेश पाण्डे, धर्मेन्द्र राउतलाई झुट्टा मुद्दामा षड्यन्त्रपूर्वक फसाइएको दाबी गर्दै उनीहरुको मुद्दा फिर्ता हुनु पर्ने बताए ।

मधेश आन्दोलनको बेला भीडले घटना गराउँदासमेत राज्यले आन्दोलन गर्नेहरुलाई खोजीखोजी फसाएको अध्यक्ष ठाकुरले आरोप लगाए ।

# मालपोत जनकपुरधाम उपमहानगर पालिकालाई कि गुठीलाई ?

ब्लग :



श्यामसुन्दर शशि

गुठी संस्थान, शाखा कार्यालयमा आफ्नो रैतानी नम्बरी जग्गाको मालपोत बुझाउँदै आएका जनकपुरवासी अचेल अलमलमा छन् । अलमलको कारण हो- जनकपुरधाम उपमहानगर पालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम । असारमा सम्पन्न नगर सभाले नगर क्षेत्रका सम्पूर्ण निजी रैतानी नम्बरी जग्गाको मालपोत उठाउने निर्णय गरेको छ । निर्णय कार्यान्वयनको लागि आवश्यक ऐन (कानून) निर्माण गरिएको छ, अनि यसै साता भित्र राजपत्रमा प्रकाशित गरेर मालपोत असुल गर्ने तयारीमा जुटेको छ ।

जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोजकुमार साह- नेपालको संविधानको अनुसूति- ८, धारा ५७ को उपधारा(४), धारा २१४ को उपधारा (२) धारा २२१ को उपधारा (२), धारा २२६ को उपधारा (१) मा स्थानीय तहलाई आफ्नो क्षेत्र भित्रको रैतान नम्बरी जग्गामा कर संकलन गर्न स्पष्ट अधिकार दिइएकोले संविधानको सोही धाराको प्रयोग गरी नगर सभाको निर्णय अनुसार चालु आर्थिक वर्षदेखि मालपोत दस्तुर र कर आफै संकलन गर्ने निर्णय गरेको बताउँछन् ।

अर्कोतर्फ गुठी संस्थान, शाखा कार्यालय जनकपुरधामको नाममा एउटा बेनामी सार्वजनिक अपिल सामाजिक सञ्जालहरुमा भाइरल बनेको छ । जसमा न लेटर पैडको प्रयोग भएको छ न त कसैको हस्ताक्षर छ । तर 'भ्रममा नपर्न सर्वसाधारणप्रति अपिल ।' नाम दिइएको उक्त अपिलमा पहिले झैं गुठी संस्थानमै गुठी तैनाथी जग्गाको मालपोत बुझाउन आग्रह गरिएको छ ।

यस प्रकार जनकपुरधाम उपमहानगर पालिकाको नगर सभाको निर्णय र गुठी संस्थान शाखा कार्यालयको कथित अपिल (अपिलकर्ताको नाम र लेटर पैड नभएकोल कथित भनिएको हो ।) ले पारम्परिक रुपले गुठी संस्थानलाई मालपोत बुझाउँदै आएका जग्गाधनीहरु अलमलमा परेका छन् । जउनपामा जग्गाको मालपोत बुझाउँदा मालपोत कार्यालय, विभिन्न बैंक तथा वित्तीय संस्था तथा अन्य सरकारी निकायले मान्यता देला कि नदेला ? भन्ने चिन्ता र असमञ्जस जग्गाधनीहरुमा छ । जग्गाधनीहरुको यो चिन्ता स्वभाविक हो ।


तर जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह यस विषयमा प्रमुख जिल्ला अधिकारी, मालपोत र नापी कार्यालयका प्रमुखहरुसंग सामूहिक छलफल भएको प्रतिक्रिया दिनु हुन्छ- ' जनकपुरधाममा गुठीको जग्गा छ र मालपोत तिरेको रसिद हुन्छ। जहाँ गुठीको जग्गा छैन, त्यहाँ त पालिकाहरुले नै मालपोत लिन्छ । हामी किन लिन नपाउने ?' प्रमुख साह हाकाहाकी भन्छन् ।

गुठी रैनाथी जग्गा भनेको व्यक्तिको लालपूर्जा भएको निजी जग्गा हो। निजी जग्गामा घर बनाउन जनकपुरधाम उपमहानगरपालिकाले नक्सा पास गर्ने, घर बहाल कर लिने, बैंक तथा वित्तीय संस्थाहरुमा सिफारिस गर्ने अनि मालपोत किन उठाउन नपाउने ? जउनपाका कर्मचारीहरुको दाबी छ ।

गुठी संस्थान शाखा कार्यालय,जनकपुरधाम मालपोत, लिज तथा वैध/अवैध रुपमा जग्गा बिक्री गरेर वार्षिक करोडौं रुपियाँ आम्दानी गरेको





मिति:२०८२।०४।०५

गुठी संस्थान शाखा कार्यालय ,जनकपुरधाम बाट

भ्रममा नपर्न सर्वसाधारण प्रति गरिएको अपिल

प्रस्तुत विषयमा सामाजिक संजालमा जनकपुरधाम उप-महानगरपालिका बाट यस अघि नगर क्षेत्रका जग्गा तथा घरको मालपोत कर गुठी संस्थान मार्फत उठाइन्थ्यो अब उप्रान्त श्रावण १ गते देखी जनकपुरधाम उप-महानगरपालिका २५ वडा सम्मका वडा कार्यालय बाट नै मालपोत करको रसिद काट्ने व्यबस्था कार्यान्वयन ल्याएको भनी प्रकाशित सूचना प्रति यस कार्यालयको गंभिर ध्यानाकर्षण भएको हुंदा सो कार्य नेपालको संविधान २०७२ तथा गुठी संस्थान ऐन, २०३३ विपरित देखिएको हुंदा गुठी रैतान नम्बरी जग्गाको मालपोत साविक बमोजिम यसै कार्यालय बाट मात्र मालपोत उठाउन पाउने कुरामा कुनै बिबाद छैन त्यसैले यस्ता निर्णय र सो बमोजिमको सूचनाको भ्रममा नपर्न सर्वसाधारण प्रति हार्दिक अपिल गर्दछ ।

छ। धर्म, संस्कृतिको रक्षा तथा धार्मिक सांस्कृतिक संरचनाहरुको संरक्षण सम्बर्धन गर्ने उद्घेश्यले स्थापना गरिएको गुठी संस्थान जनकपुरधामका मठ मन्दिरको निर्माण, जिर्णोद्धार वा मर्मत संभारमा लगानी गरेको जनकपुरधामवासीलाई थाहा छैन । जानकी मन्दिरको करोडौं मूल्य बरावरको सुन, चाँदी, हिरा, जवाहरात काठमाण्डु लगेको संस्थान हालसम्म फिर्ता गरेको छैन । आम्दानी जनकपुरधामबाट गर्ने अनि लगानी बाहिर गर्ने ? अचेल जनकपुरधामका आमनागरिक प्रश्न गर्न थालेका छन् ।

राधा कृष्ण मन्दिर, गिरनारी कुटी, बिरख कुटी लगायतका दर्जनौं मठ मन्दिर लोप भइ सकेको छ वा लोप हुने अवस्थामा छ । गुठी संस्थान, जनकपुरधामको शाखा कार्यालय रहेकै भवनमा अवस्थित राजदेवी मन्दिर र जनक मन्दिरको छत चुहिरहेको छ, तर मालपोत उठाउने गुठी संस्थान मर्मत गर्न सकेको छैन । जनकपुरधामका धार्मिक स्थल, तालतलैया तथा सांस्कृतिक जगेर्नाका लागि हालसम्म गुठी संस्थानको भूमिका के हो ? आमनागरिक अनभिज्ञ छन् ।

२००७ सालमा प्रजातन्त्र स्थापनापछि गुठीको बन्दोवस्त अर्थमन्त्रालयबाट हुने व्यवस्था गरिएको थियो । केन्द्रीय स्तरको कार्य गुठी बन्दोवस्त अड्डाबाट भई रहेकोमा वि.सं. २०१८ सालमा गुठी बन्दोवस्त अड्डाको पुनर्गठन गरियो। गुठीको रकम असुल र खर्च गर्न गुठी तहसिल र गुठी खर्च अड्डा नामले मालपोत विभाग अन्तर्गत राखिएको थियो। नेपालको संविधान- २०१९ ले गुठी रकम (देवस्व) लाई राज्य कोषबाट अलग गरेकोले राजगुठी बन्दोवस्त र संचालन गर्न गुठी संस्थान स्थापना गरिएको थियो । राजगुठीको संचालन र बन्दोवस्तका लागि गुठी संस्थान ऐन- २०२१ मार्फत गुठी संस्थान स्थापना गरिएको थियो। पछि गुठी संस्थान ऐन २०३३ लागु गरिएको थियो । अचेल गुठी जग्गाको बन्दोवस्ती यसै ऐन अनुसार हुँदै आएको छ।

मुलुक संघीयतामा गएको एक दशक हुन लागेको छ। गुठी संस्थानको ऐनले प्रदेश र स्थानीय सरकारलाई चिन्दैन । नेपालको संविधानको अनुसूची ८ मा पालिका भित्रका निजी जग्गाको मालपोत असुली गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ । फेरि पालिका भित्रका निजी जग्गाको मालपोत उठाउने जनकपुरधाम उपमहानगरपालिका मात्र होइन, मुलुकका अन्य केही पालिकाहरु पनि छन् । तर जनकपुरधामउपमहानगरपालिकाले रैतानी नम्बरी जग्गाको मालपोत उठाउँदा जग्गाधनीहरुको हकहितको ख्याल भने राख्नै पर्दछ ।

# सशस्त्र प्रहरीद्वारा पशुपालन फर्ममा छापा

**टुडे समाचारदाता**

मलंगवा । सशस्त्र प्रहरी बल नेपाल सर्लाही २ गण र मलंगवा भन्सार कार्यालयको संयुक्त विशेष टोलीले सर्लाहीको ईश्वरपुर नगरपालिका-२ स्थित गएराती एकजना तस्करको पशुपालन फर्ममा छापामारी ठूलो परिमाणको अवैध कपडा र चुरोट बरामद गरेको छ।

बिहीबार राती सशस्त्र प्रहरी बल र मलंगवा भन्सारको टोलीद्वारा तुलसी पशुपालन फर्ममा गरिएको संयुक्त छापामारीबाट ३१ पोका अवैध कपडा र प्लेटिनम ७ प्रिमियम ब्लेन्ड ब्लू ब्रान्डका ७० कार्टुन चुरोट बरामद गरिएको छ। बरामद कपडा र चुरोटको अनुमानित बजार मूल्य १ करोड ५८ लाख ५९ हजार रुपैयाँ बराबर रहेको सशस्त्र प्रहरीले जनाएको छ।




छापामारी गर्ने संयुक्त टोलीमा सशस्त्र प्रहरी बल नेपाल नम्बर १० गणका प्रमुख एसपी देव बहादुर चन्दको नेतृत्वमा ५१ जना सुरक्षाकर्मी र भन्सार अधिकृत कमल बहादुर खड्काको टोलीका ५ जना कर्मचारी सहभागी थिए । सशस्त्र प्रहरी बल नेपाल प्रदेश २ का प्रमुख डिआईजी कृष्ण ढकालले लगातार रुपमा भइरहेको तस्करी नियन्त्रणको अभियान अन्तर्गत यो अहिलेसम्मकै ठूलो सफलता रहेको बताएका छन् ।

> सशस्त्र प्रहरी बल नेपाल प्रदेश २ का प्रमुख डिआईजी कृष्ण ढकालले लगातार रुपमा भइरहेको तस्करी नियन्त्रणको अभियान अन्तर्गत यो अहिलेसम्मकै ठूलो सफलता रहेको बताएका छन् ।

ढकालले पदभार सम्हालेयता दुई महिनाको अवधिमा मात्रै प्रदेश २ भित्र विभिन्न १७ वटा अपरेसनमार्फत १७ करोड, १२ लाख ४६ हजार ४८६ रुपैयाँभन्दा बढी मूल्यका अवैध सामान र १हजार २८०किलो २१६ ग्राम लागूऔषध गाँजा र ८२ हजार, ९६६ नशालु क्याप्सुल ट्रामाडोल हाइड्रोक्लोराइड बरामद गरिएको सशस्त्र प्रहरी मधेश प्रदेश कार्यालयका प्रवक्ता एस एसपी सुरजसेन ओलीले जानकारी दिए।

डिआईजी दलालले चोरी तस्करी नियन्त्रणमा सुराकी प्रणालीको सशक्त प्रयोग तथा निगरानीको दायरा विस्तार गरिएकोले परिणाम देखिन थालेको उल्लेख गर्दै प्रवक्ता ओलीले आम नागरिकलाई पनि सूचना दिन आग्रह गरेका छन्।

बरामद सामान आवश्यक अनुसन्धानपछि भन्सार कार्यालय मलंगवामा बुझाइएको छ भने तस्करीमा संलग्नको खोजी तथा अनुसन्धान कार्य अघि बढाइएको सशस्त्र प्रहरी मधेश प्रदेश कार्यालय बर्दिवासले जनाएको छ । मधेश प्रदेशमा पछिल्लो समय तस्करी नियन्त्रण गर्न सशस्त्र प्रहरी कडा रुपमा प्रस्तुत भएको देखिएको छ।

# जवर्जस्ती करणी तथा गर्भपतन आरोपमा चिकित्सक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको बर्दिवासबाट प्रहरीले जवर्जस्ती करणी तथा गर्भपतन मुद्दाका आरोपित डा.प्रविण मिश्रलाई पक्राउ गरेको जनाएको छ । इलाका प्रहरी कार्यालय बर्दिवासले डा.मिश्रलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टले जानकारी दिए ।




जवर्जस्ती करणी तथा गर्भपतन मुद्दामा महोत्तरी जिल्ला अदालतबाट साउन ५ गते प्राप्त पक्राउ अनुमति पत्रअनुसार सर्लाही बलरा घर भइ बर्दिवासस्थित डी एन् बी मेडिकेयर सेन्टरमा कार्यरत ४१ वर्षीय डा.मिश्रलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक भट्टले बताए । डा.मिश्रलाई अदालतबाट म्याद थप गराएर थप अनुसन्धान गरिने उनले स्पष्ट पारे ।

डा.मिश्रले १६ वर्षीया किशोरीको गर्भपतन गराउँदा अत्याधिक रक्तश्राव भइ अचेत भएका थिए । १० हप्ताको गर्भपतन गराएकी किशोरीका अभिभावकले इलाका प्रहरी कार्यालय बर्दिवासमा जवर्जस्ती करणीको उजुरी दिएका छन् ।

किटानीसहितको उजुरी दर्ता भएपछि अरोपितलाई पक्राउ गरिएको महोत्तरी प्रहरीले जनाएको छ । अनुसन्धानका क्रममा चिकित्सकमाथि कम उमेरकी किशोरीलाई प्रक्रिया पूरा नगरी घटना लुकाउन गर्भपतन गराएको खुलेको महोत्तरी प्रहरीको भनाइ छ ।

# कटुवा पेस्तोलसहित दुई जना पक्राउ

**टुडे समाचारदाता**

मलंवा । सर्लाहीको मलंगवाबाट कटुवा पेस्तोलसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा मलंगवा नगरपालिका-६ स्थित सुखैनियाका मोहन पासवान र रामहुलास पासवान रहेका छन् ।

मलंगवा नगरपालिका-८ स्थित गोरखकाली प्रहरी चौकी अगाडि मोहन पासवान चढेको बीआर ३०ए१०७१ भारतीय नम्बर प्लेटको मोटरसाइकल ट्राफिक प्रहरीले चेकजाँच गर्दा कागजात मोबाइलमा देखाउने क्रममा कटुवा पेस्तोलको फोटो देखेपछि सर्लाही प्रहरीले सोधपुछ गरेको थियो ।

मोहनले सो कटुवा पेस्तोल सोही ठाउँका रामहुलासको भएको बयानका आधारमा घरमा खोजतलास गरी पेस्तोलसहित दुवै जनालाई नियन्त्रणमा लिइएको सर्लाही प्रहरीले जनाएको छ ।

पक्राउ परेका पासवानद्वयलाई जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको प्रहरी नायब उपरीक्षक सरोज राइले जनाए ।

# भाइद्वारा दाइको हत्या

**टुडे समाचारदाता**

लहान । सिरहामा खुकुरी प्रहारबाट एक जनाको मृत्यु भएको छ।

गोलबजार नगरपालिका-३ का २५ वर्षीय श्याम सदाको खुकुरी प्रहारबाट ३५ वर्षीय मोतीराम सदाको मृत्यु भएको छ।

उनीहरू आफ्नै दाजुभाई हुन् । बिहीबार राति श्याम र उनकी श्रीमती १९ वर्षीया कौशल्या सदाबीच घरायसी विवाद भएको थियो । उनीहरूलाई सम्झाउने क्रममा श्यामले दाई मोतीराममाथि खुकुरी प्रहार गरेको सिरहा प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख प्रहरी निरीक्षक गोविन्दप्रसाद साहका अनुसार छातीमा खुकुरी प्रहारबाट गम्भीर घाइते उनलाई उपचारका लागि प्रादेशिक अस्पताल लहान ल्याइएकोमा अस्पतालले मृत घोषणा गरेको थियो।

खुकुरी प्रहार गर्दा त्यति बेला नै जंगलतर्फ भागेका श्याम अझै फरार रहेका छन्। उनको खोजीकार्य र घटनाको थप अनुसन्धान कार्य भइरहेको प्रहरी निरीक्षक साहले जानकारी दिए।

**भू-संरक्षण गरौं ।**

भू-संरक्षणका उपायहरु:

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं।

"माटो बचाऔं, भविष्य जोगाऔं ।"

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८